**खेतीयोग्य जमीनमा बस्ती नबसालौं ।**

- खेतीयोग्य जमीनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली वातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाइ सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँबस्तीलाई नमूना बस्तीमा रूपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ ११ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 May 25 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६४

## ग्रामीण क्षेत्रमा पत्रकारिताको प्रचुर अवसर -नेपाल

प्रस, वीरगंज, १० जेठ/

नेपाल पत्रकार महासङ्घ, पर्साको




तस्वीरः प्रतीक

आयोजनामा सम्मान तथा अन्तर्क्रिया कार्यक्रम बुधवार सम्पन्न भएको छ ।

ग्रामीण पत्रकार समाजका नवनिर्वाचित पदाधिकारी सदस्यहरूको सम्मानमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासङ्घ, पर्साका पूर्वअध्यक्ष शत्रुघ्न नेपालले ग्रामीण क्षेत्रमा पत्रकारिताको प्रचुर अवसर रहेको भन्दै असल पत्रकारिता गर्न सुझाव दिए। उनले ग्रामीण पत्रकारहरूले पत्रकारिताको राम्रा मुद्दाहरू उठान गरिरहेको बताए । उनले पत्रकारिता गर्नेहरूले झिनामसिना विवादमा नफसेर मूल धर्म निर्वाह गर्न सुझाए ।

महासङ्घ, पर्साका अध्यक्ष अनुप तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा महासङ्घका पूर्व केन्द्रीय सदस्य महेश दास, पूर्वअध्यक्ष अशोक तिवारी, पत्रकार महासङ्घ महेशचन्द्र गौतम, प्रेस युनियन, पर्साका अध्यक्ष विजय चौहान, प्रेस सेन्टर, पर्साका अध्यक्ष दीपक गौतम, प्रेस चौतारी, पर्साका उपाध्यक्ष तुलसी भण्डारीले पर्साको ग्रामीण क्षेत्रबाट पत्रकारिता गर्नेहरूले पर्साको पत्रकारितामा राम्रो छाप छोडेको बताए । उनीहरूले ग्रामीण क्षेत्रबाट पत्रकारिता गर्न कठिन भएपनि त्यो कठिन परिस्थितिका बावजूद असल पत्रकारिता गर्न र समाजमा नाम कमाउन सुझाए । पत्रकारितामा विकृतिहरू मौलाएको र त्यो विकृतितर्फ ध्यान नदिएर समाज र देशका लागि टेवा पुग्ने गरी समाचार सम्प्रेषण गर्न उनीहरूले सुझाएका थिए ।

कार्यक्रममा ग्रामीण पत्रकार समाजका अध्यक्ष धर्मेन्द्र चौरसिया, उपाध्यक्षद्वय ओमप्रकाश चौधरी र प्रमोद यादव, सचिव बलिराम शुक्ला, कोषाध्यक्ष कृष्णमोहन साहलगायत सदस्यहरूलाई गम्छा ओढाएर शाखा अध्यक्ष तिवारीले सम्मान गरेका थिए । कार्यक्रममा प्रेस युनियनका केन्द्रीय सदस्य नीलिमा पौडेल, महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्कालगायतको सहभागिता थियो । कार्यक्रममा स्वागत कोषाध्यक्ष सञ्जीव मिश्र र सहजीकरण पत्रकार तिवारी यादवले गरेका थिए।

## अतिक्रमण हटाएर मनियारीको सडक फराकिलो बनाइँदै



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १० जेठ/

वीरगंज महानगरपालिका–२२ मनियारीमा सडक अतिक्रमण गरी बनाइएका भौतिक संरचना हटाइएको छ। गण्डकचोकदेखि मनियारी हुँदै हाइवे जोड्ने सडक निर्माणको क्रममा रहेको र सडक अतिक्रमण गरी बनाइएका संरचनालाई आज महानगरपालिकाले डोजर लगाएर भत्काएको छ ।

सडक अतिक्रमण गरी बनाइएका हरपतगंजदेखि मन्दिर क्षेत्रसम्मको सडकखण्डमा रहेका चारवटा पक्की घर र तीनवटा टहरा भत्काएर बाटो निर्माण कार्य भइरहेको छ ।

सङ्घीय सरकारले यो सडकखण्ड २७ करोड लागतमा निर्माण शुरू गरेको हो ।

दश मिटर चौडा र साढे तीन किलोमिटर लामो सडकखण्ड निर्माण हुने बताइएको छ। सडकखण्डमा परेका घरटहरा हटाउनका लागि पटक–पटक भएका प्रयासमा स्थानीयहरूले आफैं संरचना हटाउने प्रतिबद्धता जाहेर गर्दै आएका तर नहटाएपछि आज महानगरको टोलीले संरचना हटाउन डोजर प्रयोग गरेको महानगरका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले बताए ।

महानगरको भौतिक संरचना अतिक्रमण नियन्त्रण समितिका संयोजकसमेत रहेका वडा नं ५ का अध्यक्ष प्रदीप चौरसिया, सचिवालय सल्लाहकार हरि पोखरेल, नगर प्रहरी प्रमुख हरि भुसाललगायतको टोलीको सक्रियतामा आज सडक अतिक्रमण गरी बनाइएका संरचना भत्काउने कार्य भएको थियो ।

## अख्तियारले छिपहरमाई गापाको कागजपत्र नियन्त्रणमा लियो

प्रस, पोखरिया, १० जेठ/

छिपहरमाई गाउँपालिकामा



तस्वीरः फाइल

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, हेटौंडाको टोलीले छापा मारेर कागजात नियन्त्रणमा लिएको छ । विकास निर्माणमा भ्रष्टाचार भएको उजूरीको आधारमा अख्तियारले मङ्गलवार छापामारी गरी कागजात नियन्त्रणमा लिएको हो ।

अख्तियारले सम्बन्धित कागजात माग गर्दा गापा कार्यालयले उपलब्ध नगराएपछि अख्तियारको टोलीले गापा कार्यालयमा पुगेर कागजात नियन्त्रणमा लिएको थियो ।

गापा अध्यक्ष मनोजकुमार गुप्ता र प्रमुख प्रशासकीय अधिकृत राकेश ओझालगायत जनप्रतिनिधि र कर्मचारीले मिलेमतोमा विभिन्न योजना, कर्मचारी नियुक्ति, सामग्री खरीदलगायतमा भ्रष्टाचार गरेको उजूरी परेपछि अख्तियारले सम्बन्धित योजनाको कागजात माग गरेको थियो। तर प्रमुख प्रशासकीय अधिकृत ओझाले कागजात उपलब्ध गराउन आलटाल गर्दै आएका थिए ।

पटक–पटक आग्रह गर्दा पनि गापाले कागजात उपलब्ध नगराएपछि अख्तियारको टोलीले कार्यालयमैं पुगेर कागजात नियन्त्रणमा लिएको अख्तियारका सूचना अधिकारी विष्णुप्रसाद सापकोटाले जानकारी दिए।

सूचना अधिकारी सापकोटाले गापा अध्यक्ष गुप्ता र प्रमुख प्रशासकीय अधिकृत ओझाविरुद्ध १५ वटा उजूरी परेको जानकारी गराए। उनले उजूरीका विषयमा छानबीन भइरहेको बताए।

यसबारेमा गापा अध्यक्ष गुप्ताले अख्तियारले छापामारी नगरेको बताए। उनले अख्तियारको टोलीले उजूरीसम्बन्धी कागजातहरू अध्ययनका लागि लगेको बताए । अध्यक्ष गुप्ताले करारमा नियुक्त गरिएका कर्मचारीको विषयमा कसैले उजूरी दिएको रहेछ, सोहीसम्बन्धी आवश्यक कागजात अख्तियारले लगेको बताए ।

## घूस मागेको आरोपमा पर्साका तीनजना प्रहरी निलम्बित

प्रस, वीरगंज, १० जेठ/

जिल्ला प्रहरी कार्यालय, पर्सा मुद्दा




तस्वीरः फाइल

फाँटका वरिष्ठ प्रहरी नायब निरीक्षकसहित तीनजना प्रहरी घूसकाण्डमा निलम्बित भएका छन् ।

जिप्रका, पर्साले बुधवार वरिष्ठ प्रहरी नायब निरीक्षक वसन्त भट्टराई, प्रहरी नायब निरीक्षक जयमोद ठाकुर र प्रहरी जवान महेश महतोलाई घूसकाण्डमा निलम्बन गरेको छ।

प्रहरी जवान महतोलाई घटना भएको जेठ ८ गते निलम्बन गरिएको थियो भने दुईजनालाई आज निलम्बन गरिएको प्रहरी स्रोतले जनाएको छ । पोखरिया नगरपालिका–४ का एकजना व्यक्तिले रु २० लाखको चेक अनादर मुद्दा दिएका र सो मुद्दामा प्रज महतोले निजसँग रु एक लाख घूस मागेका थिए। मुद्दा फाँटका वरिष्ठ प्रनानि भट्टराई, प्रनानि ठाकुरसँगै आफ्नोलागि उनले रु एक लाख मागेको र सो कुरा प्रहरी उपरीक्षक कोमल शाहले थाहा पाएपछि महतोलाई जेठ ८ गते र दुईजनालाई आज निलम्बन गरेका हुन्।

जिप्रका, पर्साको मुद्दा फाँटमा करीब १५ जना कार्यरत छन् । प्रहरी महानिरीक्षक हुनुअघि मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख रहेका डिआइजी वसन्त कुँवरले पर्सा प्रहरीको मुद्दा फाँटमा काजमा खटेका सबैलाई एकैसाथ हटाएका थिए। काजमा रहेकाहरूलाई मुद्दा फाँटमा नराख्न उनले निर्देशन दिएको तर अहिले उनी प्रहरी महानिरीक्षक भएपछि उनैले पर्सा प्रहरीको मुद्दा फाँटमा काजमा खटाएका थिए। तिनै खटेकामध्ये वप्रनानि भट्टराई, प्रनानि ठाकुर र प्रज महतो रहेको स्रोतले जनाएको छ । पर्सा मुद्दा फाँटको प्रमुखमा प्रहरी निरीक्षक प्रकाश बस्नेत दरबन्दीमा छन्।

## आकस्मिक स्वास्थ्य उपचारबाट नगरवासी वञ्चित नहुने -नगरप्रमुख

जीतलाल श्रेष्ठ, निजगढ, १० जेठ/

कोल्हवी नगरपालिका वडा नं १ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक स्वास्थ्य उपचार सेवा बुधवारदेखि सुचारु भएको छ । कार्यक्रमका प्रमुख अतिथि नगरप्रमुख रामप्रसाद चौधरीले उद्घाटन गर्दै नगरवासीले २४सैं घण्टा प्राथमिक उपचार पाउने जसका लागि नगरपालिकाले चिकित्सक, स्वास्थ्यकर्मी, औषधिको व्यवस्था गरिसकेको बताए । भिडियो एक्स–रे, प्रसूति सेवालगायतका अन्य स्वास्थ्यसम्बन्धी उपचार र औषधि

(बाँकी अन्तिम पातामा)



तस्वीरः प्रतीक

## नगरपालिकाको भवन निर्माणको लागि जग्गादान

प्रस, रौतहट, १० जेठ/

माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथप्रसाद यादवले नगरपालिकाको भवन निर्माणको लागि पाँच कट्ठा जग्गा दान गरेका छन् । नगरपालिका कार्यालयको आफ्नो भवन नभएको र भाडामा कार्यालय सञ्चालन हुँदै आएकामा उनले मेनरोडको पाँच कट्ठा जग्गा बुधवार दान गरेका हुन् ।

माधवनारायण नगरपालिका–६ माधोपुर स्वास्थ्य चौकी र मठको नजीक



तस्वीरः प्रतीक

मेनरोडमा रहेको जग्गा दान गरेर स्थानीय चुनावमा नपा भवन निर्माण गर्ने आफ्नो घोषणा पूरा गर्न लागेको बताए । उनले

(बाँकी अन्तिम पातामा)

**विचारसार एवं सूक्तिहरू**

**शुभ कर्म तथा विचार त्यो भऱ्याङ हो, जसको सहारा लिएर चढ्दा मनुष्य उच्च, आदर्शवादी एवं महान् बन्न सक्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# नारायणी अस्पतालमा सुधार

**नारायणी अस्पताल वीरगंजमा स्वास्थ्य बीमा गरेकाहरूले औषधि सहज तरीकाबाट पाउन थालेका छन् । यो सुखद समाचार हो । स्वास्थ्य बीमा गरेकाहरूलाई अस्पतालबाट सहजरूपमा औषधिलगायतका सेवाहरू उपलब्ध हुनुपर्छ । सरकारले स्वास्थ्यमा सबैको पहुँच होस् र औषधि उपचारको अभावमा कसैले अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले स्वास्थ्य बीमा कार्यक्रम आएको हो । स्वास्थ्य बीमा कार्यक्रम देशभरि लागू छ । करीब एक दशकदेखि यो कार्यक्रम सरकारले ल्याए पनि पर्सेली जनताले भने यसको उपभोग गरेको आधा दशक जति हुन थाल्यो । आधा दशकको अवधिमा एकाध वर्ष कोरोनाको कहर रह्यो । कोरोनाकालमा पनि स्वास्थ्य बीमा गरेकाहरूले औषधि उपचारलगायतका सेवा र सुविधा पाएका थिए । जसले स्वास्थ्य बीमा गरेका थिए, उनीहरूलाई सो अवधिमा धेरै राहत मिल्यो । परिवारका पाँचजना सदस्यको रु एक लाखसम्मको जोखिम उठाउने गरी वार्षिक तीन हजार सात सय शुल्कमा सरकारले स्वास्थ्य बीमा कार्यक्रम ल्याएको हो ।**

**सरकारले ज्येष्ठ नागरिकहरूका लागि निश्शुल्क स्वास्थ्य बीमा गर्दै आएको छ । ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूको वडास्तरमा स्वास्थ्य बीमा गरिन्छ । परिवारका सदस्यहरूले उपचारमा बेवास्ता गरे पनि ज्येष्ठ नागरिकको उपचार सरकारले निश्शुल्क गर्ने व्यवस्था मिलाएको छ । कतिपय अस्पतालहरू ज्येष्ठ नागरिकमैत्री बन्दै छुट्टै शय्याको व्यवस्था गरेका छन् । नारायणी अस्पतालमा पनि पाँच शय्या ज्येष्ठ नागरिकका लागि छुट्याइएको छ । ज्येष्ठ नागरिकहरूको अस्पतालले रु एक लाखसम्मको उपचार निश्शुल्क गर्छ । स्वास्थ्य बीमा गरेकाहरूले शुरूमा सरकारी अस्पतालमा उपचार गराउने र सोमा उपचार सम्भव नभएपछि सरकारले तोकेको अन्य अस्पतालहरूमा उपचार गराउन पाउने व्यवस्था छ । पर्सा जिल्लामा नारायणी अस्पतालपछि नेशनल मेडिकल कलेज, वीरगंज हेल्थकेयर अस्पताल र आँखाको लागि किरण र दृष्टि आँखा अस्पताल तोकिएका छन् । अहिले स्वास्थ्य बीमाको उपभोग गर्नेहरूको सङ्ख्या बढेको छ । अहिले नारायणी अस्पतालको ओपिडी सेवा लिने ८० प्रतिशतभन्दा बढी स्वास्थ्य बीमा गरेकाहरू छन् । स्वास्थ्य बीमा गरेकाहरूले अस्पतालबाट एक्स–रे, ल्याब, शय्या, औषधि आदिका सुविधा बीमा रकमले भ्याएसम्म लिन पाउँछन् । यसअघि स्वास्थ्य बीमा गरेकाहरूले नारायणी अस्पतालबाट अन्य सेवासुविधाहरूको सहज उपभोग गर्दै आए पनि औषधि भने पाउने गरेका थिएनन् ।**

**स्वास्थ्य बीमा गरेकाहरूले एक वर्षअगाडिसम्म सहजरूपमा औषधि नपाउँदा गरीबहरू समस्याग्रस्त थिए । सरकारले औषधिबापत रकम पठाउने, औषधि आपूर्ति गर्ने ठेकेदारले औषधि उपलब्ध गराउने तर ती औषधि लक्षित समुदायसम्म नपुगेर अपचलन हुँदै आएको थियो, जसले गर्दा नारायणी अस्पताल आलोचित हुनुपर्‍यो । औषधिमा अपचलन [redacted] तोकेको दरबन्दी अनुसारको [redacted] अस्पतालबाट अन्य सेवासरह [redacted] औषधि पनि सहजरूपमा पाउन [redacted] उहिल्यै हुनुपर्ने थियो तर ढिलो [redacted], यसको लागि नारायणी अस्पताल [redacted] ।**

# प्लास्टिक र ध्वनि प्रदूषण नियन्त्रण आवश्यक

**स्वतन्त्र विचार**




सञ्जय साह मित्र
mitrasanjay41@gmail.com


**सरकारले आगामी आर्थिक वर्षमा प्लास्टिक नियन्त्रण गर्न खोज्दैछ । अब समाज नै बढी जागरुक बन्नुपरेको छ । सरकारको यस सकारात्मक अभियानमा सबैतिरबाट समाजले सकारात्मक सहयोग गरी प्लास्टिक प्रदूषणमुक्त समाज बस्ती बनाउन हामी सबै अग्रसर हुनुपरेको छ ।**

समाजमा स्वास्थ्यका दृष्टिकोणले कतिपय विकृतिहरू बढेका छन् । यस्ता स्वास्थ्यसम्बन्धी विकृतिमध्ये मानव समाज स्वयंले सिर्जना गरेका गम्भीर दुई विकृतिमा प्लास्टिकको जथाभावी प्रयोग र ध्वनि प्रदूषण हो । यी दुवै विकृतिको कुनै मापदण्ड छैन र जति वा जसरी प्रयोग गर्दा पनि हुने देखिएको छ । जमीन र जल तथा वायु तीनै क्षेत्रमा वातावरणीय नकारात्मक प्रभाव उत्पन्न गरिरहेको हरेक सचेत नागरिकले नबुझेको होइन । सुतेकोलाई उठाउन सकिन्छ, जागेकोलाई उठाउन निकै कठिन छ भनेजस्तै बुझ्दै नबुझेकोलाई बुझाउन सकिन्छ तर पूर्णतया अभ्यस्त भइसकेको समाजको बानी छुटाउन निकै गाह्रो छ ।

निकै पहिलेदेखि प्लास्टिक नियन्त्रणको कुरो आइरहेको छ । प्लास्टिकमा प्रतिबन्धको कुरो आइरहेको छ तर कुरो जसरी आउँछ त्यसैगरी जान्छ । यसैगरी धेरैपटक जिल्ला प्रशासन कार्यालयहरूले अत्यधिक उच्च स्वर निकाल्ने विभिन्न बाजा रोक्न सार्वजनिक सूचना जारी गरेको देखिन्छ । अश्लील गीत बजाउन तथा अश्लील नृत्य गर्न रोक लगाएको पनि सुनिन्छ तर समस्या जहाँको त्यहीं रहन्छ । समस्या होइन, कसैले भन्दैन र समाधानको पक्षमा वकालत पनि गर्छन् तर जब आफूसित जोडिएको पक्ष आउँछ अनभिज्ञझैं आँखा चिम्लिदिन्छ । यहीं आँखा चिम्लाइले नेपालको कानूनले अवैध र दण्डनीय मानिसकेको दाइजो वा तिलक प्रथा कायम छ । कायम मात्र नभई अझ बढेको पाइएको छ । तिलक वा दाइजो अझ बढ्नुमा कानून दोषी छैन । दोषी यही प्रदूषित सामाजिक मनोविज्ञान रहेको स्पष्ट छ । आफ्नो पालामा लेनदेन होस् भन्ने सबै चाहन्छन् अरूले नगरोस् भनेर निकै राम्रो भाषण गर्छन् ।

प्लास्टिक नियन्त्रण होस् भन्ने चाहना राख्ने तर तरकारी बजारमा गएपछि हरियो तरकारी बेच्नेले प्लास्टिकको झोलामा नदिएसम्म तरकारी नउठाउने हात हाम्रै हुन्छ । पान खाएर वा पाकेटका केही अन्य सामग्री खाएर प्याच्च हामी नै थुक्छौं तर त्यही कुरो अरूले फर्याँकेको छ भने घिन मान्छौं र फोहर गर्नेलाई गाली गर्न पुग्छौं । आफूलाई मन नपर्ने अरूलाई पनि मन नपर्ने हुन सक्छ भन्ने कुरो नबुझ्ने निकै कम शिक्षित हुन्छन् तर हामी 'मोर एजुकेटेड, मोर करप्ट'जस्तै हुँदैछौं–प्लास्टिक प्रयोग तथा ध्वनि प्रदूषणका सन्दर्भमा । हामीमा गम्भीरता र दायित्व छँदै छैन भने पनि हुन्छ ।

बजार होस् चाहे गाउँ, जहाँ पनि र जताततै पनि केही न केही प्लास्टिकको फोहर फालेकै पाउँछौं । प्लास्टिकको फोहोरले कुनै ठाउँको शोभा बढाउँछ र ! फोहोरले शोभा घटाउँछ । फोहोर त फोहोरै हो । प्लास्टिकको फोहोर कुहिने पनि होइन । अझ यसले अरू कुहिने सामग्रीलाई बढी दुर्गन्धित बनाएको हुन्छ । प्लास्टिक आफैं कुनै समस्या होइन जस्तो लाग्छ तर वास्तवमा प्लास्टिक अहिले समस्या बनिसकेको छ । जहाँ फाले पनि यसले गर्ने फोहोर नै हो । जमीनमा पुरे पनि यसले जमीनलाई बिगार्छ । आगो बालेर डढाउने हो भने एक छिन लाग्ला समस्या समाधान भयो, तर प्लास्टिक बल्नु बढी खतरनाक हो । यसको धूवाँ मानिसलाई लाग्नु हुँदैन, निकै हानिकारक हुन्छ । यसैगरी प्लास्टिकको धूवाँ वातावरणीय दृष्टिकोणले निकै खतरनाक हुन्छ । वातावरणमा यसको धूवाँले धेरै नोक्सानी पुऱ्याउँछ । बस्ती नजीकको पोखरी, नदी वा अन्य यस्ता जलाशयको अवस्था देखेकै छौं, प्लास्टिकले कसरी कुरूप बनाइदिएको हुन्छ । प्लास्टिकले जलचरको जीवनमाथि हस्तक्षेप गरिसकेको छ । वनजङ्गलमा पनि अब प्लास्टिक देखा पर्न थालिसक्यो । मुख्य पर्यटकीय क्षेत्रका साथै हिमाली क्षेत्रमा पर्वतारोहण हुने ठाउँहरूमा पनि प्लास्टिकजन्य फोहोर धेरै भेटिन थालेको छ । यस्ता फोहोर सङ्कलन गर्न अभियान नै चलाएको पाइन्छ । गर्मी ठाउँमा नकुहिने प्लास्टिक हिमाली क्षेत्रमा झन् कुहिन्छ र ? यसरी जहाँ पनि र जस्तोसुकै ठाउँमा पनि प्लास्टिकजन्य फोहोरले समस्या निम्त्याइसकेको छ ।

वातावरणको समग्र क्षेत्रमा प्लास्टिकको असर देखिइसकेको छ । वातावरणलाई प्रभाव पार्ने सबै तत्त्व सुरक्षित राख्नुपर्ने आवश्यकता अहिले महसुस गरिएको होइन, पहिलेदेखि नै बताईंदै आएको छ । प्लास्टिकले कति समस्या निम्त्याउन सक्छ भन्ने कुरो पहिलेदेखि चर्चा हुँदै आएको हो । अहिले ग्लोबल वार्मिङ अर्थात् विश्वव्यापी तापीकरणमा प्लास्टिकको योगदान कति छ भनेर खोजी हुँदैछ । औद्योगिक तथा अन्य प्रदूषणको ठूलो योगदान भनिदै आएको छ तर प्लास्टिक नियन्त्रण गर्दा वातावरणदेखि विश्वव्यापी तापीकरणमा पर्न सक्ने प्रभाव पनि निकै सकारात्मक हुने विश्वास गरिएको छ । मानव शरीरमा पनि प्लास्टिकले हानि पुऱ्याइरहेको बताइँदै छ । वनस्पति, पशुपन्छी सबैलाई प्रभावित पार्न थालेपछि मानव झन् बढी प्रभावित नहोला भन्न सकिन्न । यस कारण जति सम्भव हुन्छ, प्लास्टिकभन्दा टाढै बसेको राम्रो ।

प्लास्टिक नियन्त्रण कुनै व्यक्ति वा पालिकाको वशको कुरा होइन । यसमा प्लास्टिक उद्योगदेखि विभिन्न सामग्री उत्पादन गरी प्याकिङ गर्ने सानादेखि मझौला उद्योगसम्मले राम्ररी सोच्नुपर्छ । अहिले बजारमा हरेक सामान प्लास्टिकको पोका वा खोलमा पाइन थालेको छ । पहिले सिमेन्ट पनि एक किसिमको बलियो कागजको बोरामा पाइन्थ्यो । अहिलेजस्तो ट्याब्लेट औषधिहरू पनि सबै प्लास्टिकमै प्याक गरिएको हुन्थेन । बजारमा पाइने सबै किसिमका तयारी खानेकुरा-बिस्कुट, चाउचाउदेखि अन्य धेरै प्रकारका स्वादका खाद्य सामग्री प्लास्टिकमै उपलब्ध छ । यस्ता खानेकुरा कैयौं दिनसम्म वा महीनासम्म प्लास्टिकमा बन्द भएर रहँदा खानेकुरामा प्लास्टिकको प्रभाव परेको वा नपरेको विषयमा खासै कतै चर्चा भएको पाईंदैन । यसले खानेकुरामा असर गरेको वा नगरेको भए पनि खाद्य सामग्री प्रयोग गरिसकेपछि त्यसको खोल आखिरमा फाल्ने नै हो । जहाँ फाले पनि यसले गर्ने फोहोर नै हो ।

नेपाल सरकारले आउँदो आर्थिक वर्षको लागि ल्याएको नीति तथा कार्यक्रममा प्लास्टिकमाथि केही नियन्त्रण गर्ने कुरो आएको छ । प्लास्टिकका झोलालगायत साधारण उपयोगमा केही कमी आउने विश्वास गरिएको छ । पातला प्लास्टिकका झोलामाथि प्रतिबन्ध लगाउनुलाई सबैले स्वागत गरेका छन् । मुख्यगरी वातावरणप्रेमीहरूलाई खुशी लागेको छ, तर अलिक मोटै भए पनि जमीनमा फाल्दा समेटन सजिलो नहुने साना प्लास्टिकका टुक्रा पनि नियन्त्रण र नियमन गर्नु जरुरी छ । साना पुरियामा बनेका प्लास्टिकजन्य वस्तु पनि नियन्त्रण गर्नुपरेको छ । सामग्रीभन्दा पुरिया बनाउन प्रयोग भएको प्लास्टिकलाई अर्को कुनै विकल्पमा लैजानु आवश्यक छ । साना पुरिया जहाँतहीं फालिन्छन् । यसले बजार तथा बस्तीको नाली, सडकको छेउ तथा बजारलाई बढी प्रदूषित र फोहोर बनाएको छ । अब प्लास्टिक नियन्त्रणको सवालमा सरकार सकारात्मक हुन लागेको अवस्थामा अझ अलिक कठोर बनेर पुरियामा उपलब्ध हुने सामग्रीलाई प्लास्टिकमा प्याकिङ नगरी अन्य विकल्प खोज्न प्रोत्साहन गर्नै परेको छ । यसै गरी प्लास्टिकका सानातिना डिब्बाहरूमा उपलब्ध हुने विभिन्न सामग्री पनि प्लास्टिकइतर भाँडोमा राख्न निर्देशन दिन सके सुनमा सुगन्ध हुने थियो ।

ध्वनि प्रदूषणलाई पनि नियन्त्रण नगरी भएको छैन । अहिले विद्युतीय सवारी साधनको प्रयोग बिस्तारै बढ्न थालेको छ । वातावरणमा यसको सकारात्मक प्रभाव कुन मानेमा पर्छ भने विद्युतीय सवारी साधनबाट धूवाँ उत्सर्जन हुँदैन । ध्वनि प्रदूषण नियन्त्रणमा पनि विद्युतीय सवारी साधन एक हदसम्म वरदान साबित हुन सक्छ । यस किसिमका मोटरसाइकल तथा कारले आवाज नै ननिकालेको देखिएको छ । पुरानो हुँदै गएपछि अलिकति इन्जिनको आवाज आउने होला । हैन भने सुइँय्य नजीकैबाट निस्कँदा पनि हावाको झोंकाबाहेक अरू चाल पाईंदैन । तर समाजमा बढी मात्रामा डिजेले अत्यधिक ध्वनि प्रदूषण गर्ने गरेको छ । डिजेलाई नियन्त्रण होइन, डिजेको साउन्ड नियन्त्रण गर्नैपरेको छ । डिजे बज्ने ठाउँमा मात्र यसको आवाज सीमित हुनेगरी बजाउन लगाउनुपर्ने हो । डिजेको जसलाई जरूरत हुन्छ, तिनले मात्र सुनुन् । जहाँ जरूरी हुन्छ, त्यहाँ मात्र बजाऊन् । टोल थर्किनेगरी, बाटोको वरिपरि सबैको कान खानेगरी डिजे बजाउनुको अर्थ खासै छैन । एक त बट्वा तथा बाटोको छेउछाउमा घर हुनेलाई समस्या भइरहेको हुन्छ । धेरै चर्को आवाजले बालबालिकाको ध्यान उतै आकर्षित गर्छ । अझ विद्यालय तथा क्याम्पसका छात्रछात्राहरूको ध्यानाकृष्ट उतै हुन्छ । अनि त्यति बेला शिक्षाभन्दा महत्त्वपूर्ण डिजे बन्न जान्छ । अझ विद्यार्थीको भीडभाड भएको विद्यालय तथा क्याम्पस छेउछाउ यस्ता डिजेवालाहरू जानीजानी धेरै बेर बजाउँछन् । अश्लील गीत र नृत्यको सीमा हुँदैन । त्यस्तोबाट बालबालिकाको कलिलो मस्तिष्कमा कस्तो प्रभाव पर्छ भन्ने कुरातिर समाजको ध्यान अझै जान सकेको छैन ।

सरकारले आगामी आर्थिक वर्षमा प्लास्टिक नियन्त्रण गर्न खोज्दैछ । अब समाज नै बढी जागरुक बन्नुपरेको छ । सरकारको यस सकारात्मक अभियानमा सबैतिरबाट समाजले सकारात्मक सहयोग गरी प्लास्टिक प्रदूषणमुक्त समाज बस्ती बनाउन हामी सबै अग्रसर हुनुपरेको छ । अहिले अग्रसर हुन सक्यौं भने धेरै किसिमले फाइदा हुन सक्ने माथि चर्चा भइसकेको छ । प्लास्टिकलाई सम्भव भएसम्म भान्सामा नल्याऔं । प्लास्टिकले देखिने र नदेखिने कति हानि गरेको हुन सक्छ तर यसको प्रयोगमा बिस्तारै कमी गर्दै मुख्यतः प्रयोग गर्नु अघि र प्रयोग गरिसकेपछि सचेत बन्न समाज बढी सजक र जागरुक भयो भने प्लास्टिकको प्रदूषणबाट मुक्त हुन सकिन्छ । यसको लागि सम्बन्धित पालिकामा पनि दबाब वा सुझाव दिन सकिन्छ । यसैगरी प्लास्टिकको कपमा चिया खाने, प्लास्टिकको झोलामा खाद्यान्न बोक्ने जस्ता कुरालाई बिस्तारै निषेध गर्न गराउन सकिन्छ । अन्य विकल्पहरूलाई प्रोत्साहन दिन सकिन्छ । जसरी प्लास्टिकले सबै क्षेत्र ओगटेको छ, त्यसरी नै बिस्तारै सबै क्षेत्रबाट हटाउन विकल्प पनि चाहिएको हुनुपर्छ । विकल्पको खोजी पनि समाजले गर्न सक्छ । सरकारले ल्याउन लागेको कार्यक्रम सफल बनाउन समाजले तयारी गरिहाल्नुपरेको छ ।

# वातावरणीय स्वःअनुगमन प्रतिवेदन बुझाउँदै उद्योगहरू

काठमाडौं, १० जेठ/रासस

सरकारले वातावरण संरक्षण ऐन तथा नियमावलीको व्यवस्थाबमोजिम सूचना जारी गरेपछि उद्योग, प्रतिष्ठान एवं आयोजनाहरूले धमाधम वातावरणीय स्वःअनुगमन प्रतिवेदन बुझाउन थालेका छन् ।

कानूनी प्रावधान अनुसार चालू आर्थिक वर्षको नौ महीनामा २५ उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरणीय स्वःअनुगमनसम्बन्धी प्रतिवेदन बुझाएका वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभागले जनाएको छ । विभागले गत चैत ५ गते स्वःअनुगमन प्रतिवेदन पेश गर्नेसम्बन्धी जरूरी सूचना सार्वजनिक गरेको विभागका निमित्त महानिर्देशक तारादत्त भट्टले राससलाई जानकारी दिए ।

वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ मा वातावरण विभागले नेपाल सरकारले लागू गरेका वातावरणीय मापदण्ड पालनाको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रावधान छ । यसैगरी वातावरण संरक्षण नियमावली, २०७७ को नियम ४५ मा प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणमा सोबाट वातावरणमा परेको प्रभावको विषयमा प्रत्येक छ महीनामा स्वःअनुगमन गरी सोको प्रतिवेदन विभागमा पेश गर्ने कानूनी व्यवस्था छ ।

विभागले देशभर रहेका उद्योग, प्रतिष्ठान एवं आयोजनाले वातावरण संरक्षण नियमावलीको नियम ४५ मा भएको व्यवस्था अनुसार स्वःअनुगमन गरी विभागमा अनिवार्य प्रतिवेदन पेश गर्न सूचित गरेको छ । स्वःअनुगमन गरी प्रतिवेदन पेश नगरेमा प्रचलित कानूनबमोजिम कारबाई हुने निमित्त महानिर्देशक भट्टले बताए ।

यस अवधिमा हालसम्म दोर्दी जलविद्युत् आयोजना (१२ मेगावाट), नुप्चे लिखु जलविद्युत् आयोजना, सिजी फूड्स नेपाल प्रालि, माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड, युनाइटेड सिमेन्ट्स प्रालि, सोल्टी होटल लिमिटेड, सौरभ खाद्य उत्पादन प्रालि, नेपाल मेडिकल कलेज प्रालि शिक्षण अस्पताल, एमटेक मेड प्रालि, हुलास स्टील उद्योग लिमिटेड, औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, तनहुँ जलविद्युत् लिमिटेड, एसआर ड्रग ल्याबोरेटरी प्रालिले प्रतिवेदन बुझाएका छन् ।

यस्तै लाइभ फर्मास्युटिकल प्रालि, सूर्य निवास रेसिडेन्सियल अपार्टमेन्ट र लिफ रिड्राइड प्लान्ट, म्यागनस फर्मा

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# सिलाइकटाइ र ब्युटिशियन तालीम समापन

प्रस, पोखरिया, १० जेठ/

ठोरी गाउँपालिका कार्यालयको सहयोगमा कम्युनिटी डेभलपमेन्ट सेन्टर, वीरगंजको आयोजनामा बुधवार सिलाइकटाइ तथा ब्युटिशियन तालीम समापन भएको छ।

गापाको वडा नं १ र ३ का महिलाहरूलाई लक्षित गरेर ३९० घण्टे तालीमको आज समापन गर्दै कार्यक्रमकी प्रमुख अतिथि गापा उपाध्यक्ष गोकुली रेग्मीले तालीमबाट सिकेका सीपलाई व्यवहारमा उतारेको खण्डमा तालीमको उपादेयता हुने बताइन्।

उनले सीप सिक्ने तर त्यसको सदुपयोग नहुने कारणले लगानी खेर गई उद्देश्यप्राप्ति हुन नसकेको बताइन्। उनले तालीममा सहभागीहरूले व्यवसाय दर्ता गराएर पसल सञ्चालन गर्नेलाई पालिकाले सहयोग गर्ने घोषणा गरिन्।

वडाध्यक्ष धनमान थापाको अध्यक्षतामा भएको समापन कार्यक्रममा वडाध्यक्ष अमृतकृष्ण सापकोटा, घनमाया घलान, चेतबहादुर थापा, फूलमाया दर्जी, रूपा पौडेल, प्रशिक्षकद्वय अनीता सिलवाल र पूजा कुँवर, रीता थापालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत प्रभात मिश्र र सहजीकरण धर्मेन्द्र चौरसियाले गरेका थिए।

# 'लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति छैन'

काठमाडौं, १० जेठ/रासस

सरकारले लोककल्याणकारी विज्ञापन नरोकिने स्पष्ट पारेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माका सञ्चारविज्ञ नरेन्द्र केसीका अनुसार लोककल्याणकारी विज्ञापन रोक्ने सरकारको नीति नरहेको र नरोकिने प्रतिबद्धता यसअघि नै मन्त्री शर्माले स्पष्ट पारिसकेकी छन्।

नेपाल पत्रकार महासङ्घ उपत्यका प्रदेश समितिले यही जेठ ९ गते बुझाएको ज्ञापनपत्र बुझ्दै विज्ञापन नरोक्ने र नरोकिने प्रतिबद्धता व्यक्त गरेकी थिइन्।

चालू आर्थिक वर्षको विनियोजन भएको बजेट अपुग भए थप रकमको प्रबन्ध गरिने मन्त्री शर्माले प्रतिबद्धता व्यक्त गरेकी छन्। आगामी दिनमा लोककल्याणकारी विज्ञापन वितरण कार्यक्रम निरन्तर हुने मन्त्री शर्माले स्पष्ट गरिसकेकी सञ्चारविज्ञ केसीले जानकारी दिए।

# छोरी शिक्षा बढाउन र बालविवाह रोक्न पुरस्कार

महोत्तरी, १० जेठ/रासस

छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह रोक्न मटिहानी नगरपालिकाले विशेष कार्यक्रम शुरू गरेको छ। विद्यालय र क्याम्पसमा पढ्ने छोरीको सङ्ख्या बढाउन र बालविवाह रोक्न विशेष कार्यक्रम शुरू गरिएको नगर कार्यपालिकाको कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ।



तस्वीर: फाइल

विद्यालय भर्ना र कक्षा बढ्दै जाँदा छोरी घट्दै जाने तथा २० वर्ष नपुग्दै किशोरावस्थामैं विवाह हुने पाइएपछि यो अवस्था सुधार्न विशेष कार्यक्रम ल्याइएको शाखाप्रमुख दीपा दासको भनाइ छ।

"छोरी शिक्षालाई बल दिनेगरी यस अघि पनि कक्षा ८ देखि १२ सम्मका छात्रालाई साइकल, शैक्षिक सामग्री र पोशाक दिइँदै आइएको हो"–शाखाप्रमुख दास भन्छिन्–"अब परिवार, समाजका अङ्ग र धार्मिक व्यक्तित्वलाई पनि यस अभियानमा सरिक गराइँदै छ।"

नयाँ कार्यक्रम अन्तर्गत छोरी पढाउन क्याम्पस पठाउने अभिभावकलाई सम्मान गर्ने, बस्तीबस्तीमा बाबुआमा र छोरीहरूबीच पढाइ तथा विवाहका कुरामा अन्तर्क्रिया गराउने, बालविवाह निस्तेज गर्न धार्मिक परम्पराका पण्डित, पुरोहित, मौलवी र अभिभावकबीच छलफल गराउने तथा २० वर्षमुनिको विवाह धार्मिक दृष्टिले पनि उचित नरहेको सन्देश प्रसारित गर्ने रहेका छन्।

यसैगरी उमेर पुगेर (२० वर्ष नघाएर) छोरीको विवाह गर्ने अभिभावकलाई सामाजिक सम्मान गर्ने कार्यक्रम राखिएको शाखाप्रमुख दासले बताइन्। नगरका धेरैजसो बस्ती भारतसँग जोडिएका हुँदा भारततर्फका पण्डित, पुरोहित, मौलवी र उताका सामाजिक सङ्घसंस्थाका प्रतिनिधिलाई पनि कार्यक्रममा सरिक गराइने जनाइएको छ। यता नेपाल/भारतका बस्तीमा बाक्लै बिहेवारी सम्बन्ध हुँदै आएका छन्।

धानुक, केवट, यादवसहित जनजाति, खत्वे, चमार, दलित र सघन मुस्लिम बसोवास भएको नगर क्षेत्रमा सामाजिक तथा शैक्षिक चेतनाको कमीले छोरी शिक्षा र उमेर पुगेर विवाह गर्ने पक्ष अत्यन्त कमजोर बनेको शाखाको ठम्याइ छ।

"हामीले पछिल्ला दुई वर्षको पारिवारिक सर्वे गर्दा २० वर्षमुनिमैं छोरी विवाहका आठ सय घटना पायौं"–दासले भनिन्–"यो कहालिलाग्दो अवस्था चिर्न नगरका जनप्रतिनिधिबीच सर्वसम्मतिबाट जनजनले देख्ने–बुझ्नेगरी सचेतनामूलक कार्यक्रम शुरू गर्न लागिएका हुन्।" छोराछोरीको वैवाहिक अवस्था हेर्दा बालविवाह गरिएका छोरी निकै बढी पाइएका दासको भनाइ छ।

उनका अनुसार बहुविवाहका घटना त्यति बढी नदेखिए पनि अनमेल विवाह (केटीको भन्दा निकै बढी उमेर भएका केटा) र छोरी बालविवाहका घटना भने निकै देखिएका छन्। शाखाले छोरी शिक्षालाई उत्प्रेरित गर्ने र बालविवाह निरुत्साहित गर्नेगरी शुरू गर्न लागेका कार्यक्रम नगर कार्यपालिकाको निर्णयानुसार भएको हुँदा यसमा आफूसहित सबै जनप्रतिनिधिको सक्रिय सहभागिता रहने नगरप्रमुख हरिप्रसाद मण्डल भन्छन्। छोरी शिक्षालाई बल पुऱ्याउन र बालविवाह निरुत्साहित गर्न थप प्रभावकारी कार्यक्रम बनाइने नगरप्रमुख मण्डलले बताए।



**फुतफुते झरनामा पर्यटक**: म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा अवस्थित नर्थ अन्नपूर्ण हिमालको आधार शिविर जाने पदमार्गमा पर्ने फुतफुते झरनामा पुगेका आन्तरिक पर्यटक। पहाडभित्रबाट निस्कने यो झरना पर्यटकहरूका लागि आकर्षण बनेको छ। तस्वीर: रासस

# असारको पहिलो सातादेखि अस्ट्रेलियाको सिड्नीमा उडान गर्ने नेपाल एयरलाइन्सको तयारी

काठमाडौं, १० जेठ/रासस

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले अस्ट्रेलियाको सिड्नी विमानस्थलमा उडानको समय (स्लट) पाएको छ।




तस्वीर: फाइल

सिड्नी विमानस्थलले निगमलाई सातामा दुई उडानका लागि अनुमति र स्लट दिएको हो। विमानस्थलले बिहीवार र शनिवारका लागि स्लट दिएको निगमले उल्लेख गरेको छ।

विमानस्थलबाट उडानका लागि अनुमति पाएसँगै निगमले अस्ट्रेलियाली नागरिक उड्डयनसँग उडान अनुमतिका लागि आवश्यक कागजात बुझाएको छ। निगमका सहायक प्रवक्ता गणेशकुमार घिमिरेका अनुसार निगमको जहाज तत्काललाई सिङ्गापुरमा 'टेक्निकल अवतरण' गरेर सिड्नी उड्नेछ।

"आगामी असार ६ गते (जून २१ तारिख)लाई लक्षित गरेर उडान स्वीकृतिका लागि स्लट, अवतरण परमिटलगायतका लागि आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ, स्लट पाइएको छ, बाँकी प्रक्रियामैं छ," उनले भने। उडानका लागि निगमले हाल जिएसए (जनरल सेल्स एजेन्ट) छनोटलगायत प्रक्रिया पनि अगाडि बढाएको छ।

त्यस्तै, निगमले सिङ्गापुर र सिड्नीमा इन्धनका लागि पनि कम्पनी छनोटको काम गरिरहेको उल्लेख गरेको छ। सिङ्गापुर र सिड्नी विमानस्थलका लागि एमआरओ (मेन्टेनेन्स, मर्मत र अपरेशन) समेत छनोट गरिसकेको छ। निगमले वाइडबडी 'ए' ३३० जहाजबाट अस्ट्रेलियाको सिड्नीमा सीधा उडानको तयारी गरेको जनाएको छ।

**मलेशिया–भैरहवा ११ हजार ४६१मैं उडाउने**

वायुसेवा निगमले यही जेठ २९ गतेदेखि भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा नियमित उडान शुरू गर्दैछ। सो अवसरमा निगमले मलेशियाबाट प्रवर्द्धनात्मक भाडादर रु ११ हजार ४६१ कायम गरेको छ। यो मलेशियाबाट भैरहवा उडानका लागि मात्र हो।

"मलेशिया–भैरहवा–काठमाडौंका लागि अत्यन्तै सस्तो शुल्कमा टिकट उपलब्ध गराएका छौं," निगमका सहायक प्रवक्ता घिमिरेले भने। उनका अनुसार मलेशिया–भैरहवाका लागि रु एघार हजार ४६१ र मलेशिया–भैरहवा–काठमाडौंका लागि रु १२ हजार ३४६ भाडादर कायम गरिएको छ।

निगमको उडान नम्बर आरए ४२१ जहाज जेठ २९ गते काठमाडौंबाट मलेशियाको क्वालालम्पुर उडान गर्ने र जेठ ३० गते आरए उडान नम्बर ४२२ जहाज क्वालालम्पुरबाट भैरहवा हुँदै काठमाडौं आइपुग्ने उडान तालिका रहेको छ। यो गन्तव्यमा निगमको न्यारो बडी 'ए' ३२० जहाजले उडान भर्नेछ।

# दबाबरहित चलचित्र 'डाकिनी'

काठमाडौं, १० जेठ/रासस

चलचित्र निर्माण गर्दा नै बजार मूल्याङ्कन गरिन्छ। बजारले फिर्ता गर्न सक्ने रकम र जोखिमको मूल्याङ्कन गरेर निर्माणको लागत तय हुन्छ। बजारले रुचाएको कलाकारदेखि प्राविधिकको समूहमार्फत चलचित्र बन्ने गरेको छ। तर कुनै चलचित्र यीभन्दा फरक रहेर निर्माण भयो भने के होला ? न बजेट बढ्ने डर, न बजार मूल्याङ्कन। कुनै दबाब नहुँदा चलचित्र कस्तो बन्ला ? यसको उदाहरण हो– 'डाकिनी'।




बौद्धधर्मका गुरु तथा चलचित्र निर्देशक खिन्से नोर्बु (जोङसार खिन्से रिम्पोछे) 'डाकिनी' प्रदर्शनका लागि नेपालमा छन्। विश्वभरका चलचित्रप्रेमी दर्शकमाझ उनी निर्देशित 'द कप', 'ट्राभल्स एन्ड म्याजिसियन्स', 'हिमा हिमा: सिङ्ग मी अ सङ ह्वाइल आई वेट'लगायत चलचित्र लोकप्रिय छन्।

अङ्ग्रेजी नाम 'लुकिङ फर अ लेडी विथ फ्याङ्स एन्ड मुस्टाच'मार्फत विश्वभर प्रदर्शन भएको चलचित्रमा बौद्धग्रन्थमा बज्रयोगिनी, ताराजस्ता देवी (डाकिनी)का कथा छन्। देवीको खोजीको कथा खोज्ने चलचित्रमा बौद्धग्रन्थको सुन्दर आयाम प्रस्तुत गरिएको छ। नेपालमा यो सीमित चलचित्र भवनमा मात्र प्रदर्शन गरिएको छ।

नेपालका निर्माता षट्कोण आर्ट्सको निम्तोमा नेपाल आएका निर्देशक नोर्बुले सरल चलचित्रबारे आफ्ना विचार राखे। "हामीले हेर्ने चलचित्रमा हलिउड शैली हुन्छ। त्यो पनि परम्परागत। त्यहाँ सबै किसिमको भाव मिसाइएको हुन्छ"–उनले भने–"हामीलाई त्यस्ता चलचित्र हेर्ने बानी परिसकेको छ। त्यसैले अभिनेता वा नकारात्मक भूमिका गर्नेबारे हाम्रो विचार पहिले निर्माण हुन्छ। हामीलाई त्यो भाष्य शैलीमा हलिउड र बलिउडका चलचित्र प्रशस्तै प्रस्तुत गरिसकेका छन्।"

आफू निर्देशित चलचित्र हेर्नु अगाडि नै केही खास घटनाक्रम नहुने नोर्बुले बताए। "मेरो चलचित्रमा ठूला घटनाक्रम हुँदैनन्। त्यो हेर्दा तपाईंलाई आफ्नै कथा महसूस हुनुपर्छ। यसलाई मैले वास्तविकतासँग नजीक राखेर निर्माण गर्ने कोशिश गरेको छु"–उनले भने।

चलचित्रबारे निर्माण भएको भाष्यशैलीलाई परिवर्तन गर्न सके मात्र फरक महसूस हुने नोर्बुको भनाइको तात्पर्य थियो। नेपाली र तिब्बती भाषामा रहेको चलचित्र लगभग रु १० करोडमा तयार भएको हो।

यो चलचित्र बजारको निर्देशनविना तटस्थ रहेर निर्माण गर्ने प्रयास गरिएको निर्मातामध्येका एक दिपेश खत्रीले जानकारी दिए।

"चलचित्र निर्माणको समयमा बजारको चिन्ता थिएन। त्यसैले स्वतन्त्र रहेर काम गर्न पायौं। कुनै दबाब महसूस नगरी निर्माण भयो। अहिले प्रदर्शन पनि सीमित चलचित्र भवनमा सीमित शोमा मात्र छ"–निर्माता खत्रीले भने।

काठमाडौंमा क्याफे सञ्चालनको तयारीमा रहेका तिब्बती मूलका युवालाई सपनामा केही सङ्केत मिल्छ। उसको साथीले सपनाको अर्थ खुलाइदिन्छ र भन्छ–"तिमी सात दिन बाँच्छौ।" तर जब उसले यो सङ्कट डाकिनीले हटाउन सक्ने थाहा पाउँछ अनि शुरू हुन्छ डाकिनीको खोजी। उसले डाकिनी कहाँ फेला पार्छ ? उसको जीवन बच्छ कि बच्दैन ? यसकै वरपर चलचित्रको कथा बगेको छ। सामान्यतया चलचित्रमा सात दिन मात्र बाँच्छ भन्ने थाहा पाएको पात्रले के–के गर्छ होला ? हामीले केही यस्ता चलचित्र हेरेका पनि छौं। तर 'डाकिनी' फरक छ। त्यहाँ पात्रले आफ्नै दिनचर्यामा खोजी गर्छ। उसको पीडा र सङ्घर्ष उस्तै छ, तर व्यक्त गर्ने तरीका फरक। किनकि यसलाई तटस्थ रहेर निर्माण गर्ने प्रयास गरिएको छ।

# नेप्से १६ दशमलव ४९ अङ्कले बढ्यो

काठमाडौं, १० जेठ/रासस




नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा १६ दशमलव ४९ अङ्कको वृद्धि देखिएको छ। बुधवार नेप्से परिसूचक शून्य दशमलव ८५ प्रतिशतले बढेर एक हजार ९५९ दशमलव १२ अङ्कमा कायम भएको हो।

आज २७० कम्पनीका ४८ लाख ६५ हजार ४७५ कित्ता शेयर ३४ हजार ८४१ पटक खरीद–बिक्री हुँदा रु एक अर्ब ८७ करोड ३० लाख १८ हजार बराबरको कारोबार भएको छ। आज वित्त, जलविद्युत् र म्युचुअल फन्ड समूहको उपसूचक क्रमशः सात दशमलव ४५, सात दशमलव ५१ र शून्य दशमलव ०३ अङ्कले घटेका छन्। अरू सबै समूहको उपसूचक भने बढेको छ। सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूहको उपसूचक २२० दशमलव ६६ र होटल तथा पर्यटन समूहको उपसूचक १७१ दशमलव ४७ अङ्कले बढेका छन्।

बैंकिङ समूह दुई दशमलव १५, विकास बैंक शून्य दशमलव ३०, लगानी शून्य दशमलव ३४, जीवन बीमा १२० दशमलव २० र लघुवित्त समूह ७७ दशमलव ११ अङ्कले बढेका छन्। त्यसैगरी, निर्जीवन बीमा समूह १२१ दशमलव ४५, व्यापार समूह ३५ दशमलव १५ र अन्य समूह २१ दशमलव ०९ अङ्कले बढेका छन्।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सानिमा इक्विटी फन्डको शेयर मूल्यमा तीन दशमलव ७७ प्रतिशतको गिरावट देखिएको छ। कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु १४ करोड ६४ लाख ९१ हजार बराबरको तीन लाख २६ हजार ३४ कित्ता शेयर खरीद–बिक्री भएको छ।

# परराष्ट्र नीति र कूटनीतिः विचारणीय विषय

गणतन्त्र दिवस विशेष



डा जयराज आचार्य

**जब सन् २०१८ को जूनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली राष्ट्रपति किम जोङ उनेबीच भेटवार्ता भयो त्यो सिङ्गापुरमा भयो र त्यो भेटघाटको सुरक्षा नेपाली सुरक्षा गार्डहरूले गरे । ती दुई राष्ट्रपतिको शिखर वार्ता नेपालको नगरकोटमा हुन किन सकेन ?**

गणतन्त्र नेपालको परराष्ट्र नीतिबारे केही कुरा भन्नु अगाडि परराष्ट्र नीतिकै बारेमा एक–दुई सैद्धान्तिक कुरा गर्नु आवश्यक छ । 'परराष्ट्र नीति' भनेको एक देशले अर्को देश या सरकार या अन्तर्राष्ट्रिय संस्थाहरूसित कस्तो सम्बन्ध राख्ने या कस्तो व्यवहार गर्ने भन्ने अवधारणा हो । त्यस अवधारणालाई कार्यान्वयन गर्ने प्राविधिक काम या जिम्मेवारीलाई 'कूटनीति' भनिन्छ । जुनसुकै देशको परराष्ट्र नीतिमा पनि परिवर्तनभन्दा निरन्तरताको मात्रा बढी हुन्छ किनकि परराष्ट्र नीति निर्धारण गर्ने स्थायी तत्त्व 'भूगोल' हो । भूगोल अपरिवर्तनीय छ। त्यसैले भनिन्छ, 'मित्र या शत्रु बदल्न सकिन्छ, छिमेकी बदल्न सकिन्न'। नेपाल भारत र चीनको बीचमा छ, त्यो बदलिन्न। 'इतिहास' अर्को तत्त्व हो जसले परराष्ट्र नीतिलाई निर्धारण गर्दछ। त्यो पनि बदल्न सकिन्न। हामीले विगतमा दुवै तर्फका छिमेकीसँग युद्ध पनि लडेका थियौं । आज हामीले हाम्रो परराष्ट्र नीति बनाउँदा विगतको त्यो अनुभव र वर्तमानको यथार्थ बिर्सनुहुन्न। इतिहासले पाठ सिकाउँछ । वर्तमानले कठोर परीक्षा लिन्छ ।

परराष्ट्र नीति निर्धारण गर्ने अरू कारकहरूमा भाषा, धर्म, संस्कृति, अर्थतन्त्र, व्यापार–वाणिज्य, सैन्यशक्ति र बदलिंदो अन्तर्राष्ट्रिय परिस्थिति पनि हुन् । पृथ्वीनारायण शाह, जङ्गबहादुर, राजा महेन्द्र या विपी कोइराला सबैले यिनै यथार्थलाई ध्यानमा राखेर परराष्ट्र नीति बनाए र त्यसलाई कार्यान्वयन गर्ने कूटनीति सञ्चालन गरे । नेपालको परराष्ट्र नीतिको उद्देश्य राष्ट्रिय हितलाई सर्वोपरि राखेर त्यसको प्रवर्द्धन गर्नु हो। हाम्रो पहिलो उद्देश्य देशको स्वतन्त्रता, सार्वभौमसत्ता र भौगोलिक अखण्डताको संरक्षण गर्नु हो । अनि दोस्रो उद्देश्य आर्थिक र सामाजिक विकास हो। तर के बुझ्नुपर्छ भने हामीले हाम्रो दोस्रो उद्देश्य (आर्थिक विकास) पूरा गरेनौं भने पहिलो उद्देश्य पनि पूरा गर्न सक्दैनौं । आर्थिक विकासविना हामी ज्यादै परनिर्भर हुन्छौं। फलतः हामी विदेशी शक्तिको दबाब र हस्तक्षेपको शिकार हुन्छौं। त्यसैले आर्थिक विकास परराष्ट्र नीतिको पहिलो उद्देश्यकै महत्त्वपूर्ण पाटो हो । दोस्रो उद्देश्य भए पनि यो पहिलो उद्देश्यकै अभिन्न अङ्ग बनेको छ। विचारणीय छ, पृथ्वीनारायण शाहको राष्ट्रिय एकीकरणको अभियान कालमा, जङ्गबहादुर राणा (राणाशासन कालभरि) र प्रजातन्त्रको उदय भएपछिका समयमा नेपालको परारराष्ट्र नीति र कूटनीतिमा केही भिन्नता थियो। त्यसको विस्तृत चर्चा गर्ने ठाउँ यहाँ छैन। तथापि यति त भन्नैपर्छ कि राष्ट्रिय हितको निरन्तरता चाहिं सबै समयमा यथावत् थियो । निर्दलीय पञ्चायती व्यवस्थाकालमा (सन् १९६०–१९९० ताका) नेपालको परराष्ट्र नीतिको उद्देश्यमा 'देशको भौगोलिक सीमा सुरक्षा, जनताको सुरक्षा र देशको संस्कृति र राजनीतिक व्यवस्थाको सुरक्षा हो' भनिन्थ्यो ।

राजा वीरेन्द्रको समयमा सन् १९७५ मा नेपाललाई शान्तिक्षेत्र बनाउने प्रस्ताव पनि गरियो तर त्यसलाई कूटनीतिक कुशलता र चातुरीसाथ अगाडि बढाउन नसक्दा फलदायी हुन सकेन। आन्तरिक राजनीतिक र बाह्य कूटनीतिक व्यवस्थापन हुन नसक्दा सन् १९९० (२०४६ साल) मा जनान्दोलन भयो र पञ्चायती व्यवस्था खारेज हुन गयो । कूटनीति त सफल भएन, भएन; व्यवस्थाको सुरक्षासमेत हुन सकेन । त्यो एउटा विचारणीय पाठ हो । भनिन्छ, २०४६ सालको पहिलो जनान्दोलनपछि बहुदलीय 'प्रजातन्त्र' पुनः स्थापना भयो, २०६२–६३ को आन्दोलनपछि 'लोकतन्त्र' स्थापना भयो र अहिले २०७२ को संविधान लागू भएपछि देश सङ्घीय लोकतान्त्रिक 'गणतन्त्र' भएको छ। नेपालको वर्तमान संविधान लागू भएको आठ वर्ष भयो तर विडम्बना जस्तै छ कि 'संविधानको रक्षा गर्नुपरेको छ' भन्ने नेतृत्ववर्गको आवाज बराबर सुनिन्छ । प्रश्न छः संविधानलाई खतरा कसरी छ ? देशभित्र या बाहिरबाट ? हाम्रो संविधानको संरचनामा नै राजनीतिक अस्थिरता अन्तर्निर्मित छ कि छैन ? अनि नेपाल जस्तो सानो देशमा निरन्तरको अस्थिरताले ठूला शक्ति राष्ट्रको हस्तक्षेप भइरहँदा राष्ट्रिय सुरक्षाको सवाल आइरहन्छ कि आउन्न ? यस्तो अवस्थामा कस्तो परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्न सकिन्छ ? यी गम्भीर मननीय कुरा हुन्। अब स्पष्ट हुनुपर्छ कि अस्थिरता अन्तरनिर्मित संवैधानिक संरचनामा नै संशोधनका लागि सर्वदलीय सहमति आवश्यक छ।

हाम्रो संवैधानिक व्यवस्थामा अन्तरनिर्मित अस्थिरता त छँदैछ । त्यसमाथि फेरि पार्टीहरूले आआफ्नै परराष्ट्र नीति बनाउने र अझ पार्टीभन्दा पनि नेता विशेषले आआफ्नो व्यक्तिगत हितको लागि परराष्ट्र नीति र कूटनीति सञ्चालन गर्ने हो भने बाहिरी हस्तक्षेपको सम्भावना झन् बढ्छ नै । त्यसकारण हाम्रो परराष्ट्र नीति सर्वदलीय सहमतिमा बनाउनुपर्ने कुरा पहिले स्पष्ट हुनुपर्छ । हामीले हाम्रो परराष्ट्र सम्बन्धका प्राथमिकता पनि स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ र तिनको कार्यान्वयनमा इमानदारीसाथ लाग्नुपर्छ । नेपालको परराष्ट्र नीतिको प्राथमिकतामा क्रमशः नेपाल–भारत सम्बन्ध, नेपाल–चीन सम्बन्ध, नेपाल–अमेरिका सम्बन्ध र नेपालको संयुक्त राष्ट्र सङ्घमा भूमिका नै पर्छ । इजरायल, खाडी मुलुक, मलेशिया, कोरिया, जापान र जर्मनीलगायत युरोपेली देशहरू खासगरी बेलायतमा आज धेरै नेपाली काम गर्न गएका छन् ।

अतः तिनीहरूसँगको सम्बन्धमा पनि गम्भीरतापूर्वक सोच्नुपर्ने आवश्यकता छ। अनि सार्क, बिमस्टेक, असंलग्न आन्दोलन आदि क्षेत्रीय र विश्वव्यापी सङ्गठनमा पनि नेपालले उल्लेखनीय भूमिका खेल्ने प्रयास गर्नुपर्छ। भूगोल, इतिहास, भाषा, धर्म, संस्कृति, शिक्षा, अर्थतन्त्र, व्यापार, वाणिज्य र सैन्य–सम्बन्धले समेत जोडिएको हुनाले नेपाल–भारत सम्बन्ध धेरै व्यापक छ। तर यही व्यापकता र निकटताले सम्बन्धमा जटिलता पनि ल्याउने गर्छ। यो द्विपक्षीय सम्बन्धबारे नेपाल र भारतीय पक्षको बुझाइ फरक हुन सक्छ । यस सम्बन्धमा कुरा गर्दा भारतीय पक्षले दुई देशबीच भूगोल, इतिहास, भाषा, धर्म, दर्शन, संस्कृति र सभ्यताको सामीप्यमा जोड दिइरहेको हुन्छ भने नेपाली पक्षले आफूले भोग्नुपरेका व्यावहारिक कठिनाई खासगरी विकास, अर्थतन्त्र, वाणिज्य, विद्युत् व्यापारलगायत व्यापारघाटा, पारवहनसम्बन्धी झमेला र सीमासम्बन्धी समस्यामा जोड दिइरहेको हुन्छ । धूलो बढारेर कार्पेटमुनि छोपी कोठा सफा भयो भनेझैं यी समस्यालाई नजरअन्दाज गरिरहँदा दुवै पक्षलाई हानि भइरहेको हुन्छ ।

नेपालको नेतृत्व वर्गले भारतीय पक्षसँग खुलस्त र हार्दिकतासाथ यी समस्या समाधान गर्ने विषयमा निरन्तर संवाद गर्नुपर्छ । निरन्तर संवाद नै कूटनीतिको आत्मा हो। सन् १९५० को शान्ति तथा मैत्री सन्धि, प्रबुद्ध व्यक्तिको समूह (इपिजी)को रिपोर्ट, कालापानी–लिपुलेक, सुस्तालगायत सीमा–समस्याले नेपाली जनमानसमा जुन अनुभूति गराइरहेछ, त्यो कसैको पनि हितमा छैन। वास्तविक पारस्परिक विश्वासको वातावरणमा यी सबै समस्या समाधान हुन सक्छन्। तर त्यो भइरहेको देखिन्न। ऐतिहासिककालदेखि नै हाम्रा लागि नेपाल–चीन सम्बन्ध उत्तिकै महत्त्वपूर्ण रहिआएको छ। विगत सात दशकयता चीनले तीव्र गतिमा गरेको प्रगतिले हाल आएर ऊ विश्वको दोस्रो ठूलो अर्थतन्त्र र सोही बमोजिम विश्वकै राजनीतिक र सैनिक शक्ति बनेको सन्दर्भमा आज यो सम्बन्ध हाम्रा लागि अझ महत्त्वपूर्ण भएको छ। तर यो सम्बन्धको व्यवस्थापनमा पनि हामीले जति गरम्भीरतासाथ काम गर्नुपर्ने हो त्यो गरिरहेको अनुभव हुन्न। बीआरआई अन्तर्गत चीनले जुन परियोजना प्रस्ताव गरेको छ, त्यसको समझदारीपत्रमा नेपालले पनि हस्ताक्षर गरेको छ तर काम चाहिं केही भएको छैन।

नेपालको राष्ट्रिय हित हुनेगरी स्पष्ट छलफल र सम्झौता गर्ने नेपालीको अक्षमताका कारण काम अगाडि नबढेको हो भन्ने देखिएको छ। अगाडि आएका अवसर लिन नसक्नु हाम्रो कमजोरी हो। नेपाल–अमेरिका सम्बन्धमा पनि विचार र अध्ययनको कमी छ । बेलायतपछि नेपालले कूटनीतिक सम्बन्ध राखेको दोस्रो देश अमेरिका हो । सन् १९४७ को अगस्तमा भारत स्वतन्त्र हुनुभन्दा अगाडि (सन् १९४७ अप्रिल २५)मा नै नेपालले अमेरिकासँग कूटनीतिक सम्बन्ध किन राख्यो ? नेपाल–अमेरिका सम्बन्धको के महत्त्व छ ? एमसिसी अनुदानबारे अनावश्यक र अतिरञ्जनापूर्ण विवाद गर्नेहरूले यो प्रश्न किन नगरेको ? नेपाल र अमेरिका एक–अर्काबाट के चाहन्छन् ? यस सम्बन्धमा दुवैको पारस्परिक स्वार्थ के छ ? तिब्बत र सिक्किमको अनुभवबाट नेपालले के सिक्ने ? नेपालमा एकथरीको बुझाइ छ कि अमेरिकाले नेपाललाई दिल्लीको नजर या झ्यालबाट हेर्छ। तर अमेरिकाले कुनै समय नेपालको हित र अस्तित्वबारे चीनसँग पनि सल्लाह मशविरा गरेको थियो भन्ने धेरैलाई थाहा छैन होला । मुख्य कुरा के हो भने अमेरिकाले नेपाललाई आफ्नै नजरले हेर्छ र नेपालले पनि अमेरिकालाई आफ्नै नजरले हेर्नुपर्छ । गत वर्ष एकजना अमेरिकी कूटनीतिज्ञले भनेका थिए–"हामी नेपाल प्रो–इन्डिया भएको हेर्न चाहँदैनौं, प्रो–चाइना भएको पनि हेर्न चाहँदैनौं, प्रो–अमेरिका भएको हेर्न पनि चाहँदैनौं । हामी नेपाल प्रो–नेपाल भएको हेर्न चाहन्छौं"। यसभन्दा स्पष्ट अरू भनिरहन आवश्यक छ र ?

अमेरिकाले नेपालको शिक्षा, स्वास्थ्य, यातायत, औलो उन्मूलन, जनसङ्ख्या, सामुदायिक वन संरक्षण सूचना र सञ्चारका क्षेत्रमा विगत ७५ वर्षमा गरेको सहयोगको स्वस्थ मूल्याङ्कन गर्नु आवश्यक छ । अध्ययन र ज्ञान विनाको हल्ला आत्मघाती हुन्छ। अहिले आफ्नो देशको नागरिकता छोडिकन नक्कली भूटानी शरणार्थी बनेर अमेरिका जान पैसाको लेनदेन गर्ने नेपाली जनता र अमेरिकाको सैद्धान्तिक विरोध गरेर राजनीति गर्ने नेताको व्यवहारले अमेरिकाको वास्तविक अप्रतिरोध्य आकर्षण र नेपालको सामाजिक यथार्थ देखाएको कुरा पनि मननीय छ। सार्क, बिमस्टेक, असंलग्न आन्दोलन आदिभन्दा पनि संयुक्त राष्ट्रसङ्घ नेपालको लागि बढी आवश्यक, उपयोगी र महत्त्वपूर्ण संस्था हो। नेपाल सन् १९५५ मा त्यसको सदस्य भएपछि सन् १९६९–७० र १९८८–८९ मा सुरक्षा परिषद्‌को दुई–दुई–वर्षे अस्थायी सदस्य पनि चुनियो। तर संयुक्त राष्ट्र सङ्घको शान्ति सेनामा धेरै लामो र ठूलो योगदान गरेको रेकर्ड हुँदाहुँदै पनि विगत तीन दशक यता सुरक्षा परिषद्‌मा नेपाल चुनिएको छैन। साधारण सभाको अध्यक्ष पदमा पनि आजसम्म चुनिएको छैन ।

दुईवटै प्रयासमा असफलता हात लाग्यो। त्यसकारण संयुक्त राष्ट्र सङ्घमा नेपालले आज खेल्न सक्ने र खेल्नुपर्ने भूमिकाका विषयमा गहिरिएर विचार गर्नुपर्ने र तदनुसार कदम चाल्नुपर्ने आवश्यकता छ । साना मुलुकको बल भनेकै उनीहरूका राष्ट्रिय संस्थाको विश्वसनीयता वा निर्भरयोग्यता हो–जस्तो सिङ्गापुर र स्वीट्जरल्यान्ड । ती दुवै देश नेपालभन्दा धेरै साना छन् तर तिनको विश्वसनीयता विश्वभर प्रसिद्ध छ। जब सन् २०१८ को जूनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली राष्ट्रपति किम जोङ उनेबीच भेटवार्ता भयो त्यो सिङ्गापुरमा भयो र त्यो भेटघाटको सुरक्षा नेपाली सुरक्षा गार्डहरूले गरे। ती दुई राष्ट्रपतिको शिखर वार्ता नेपालको नगरकोटमा हुन किन सकेन ? हाम्रो असंलग्नताको रटान र गोर्खालीको वीरता अनि विश्वसनीयता कहाँ गयो ? हाम्रो नेतृत्व वर्गले सोच्ने विषय हो यो । हाम्रो परराष्ट्र नीति र कूटनीति सफल हुनका लागि हाम्रो सरकार, संसद्, अदालत र सुरक्षा निकाय वा संस्थाहरूको दृष्टिमा स्वच्छ, सुदृढ, विश्वसनीय र निर्भरयोग्य हुनु अत्यावश्यक छ । भाषण या नारामा मात्रै अब नेपाली जनताले त विश्वास गर्दैन भने अन्तर्राष्ट्रिय जगत्‌ले के विश्वास गर्ला ? गणतन्त्र नेपालको परराष्ट्र नीति र कूटनीतिबारे गहिरिएर विचार गर्नुपर्ने केही मुख्य विषय यिनै हुन् ।

–लेखक पूर्व राजदूत राजनीतिक विश्लेषक हुन्)

# महोत्तरीमा मिटरब्याजीविरुद्ध १७ सय उजूरी

जलेश्वर, १० जेठ/रासस

सरकारले मिटरब्याजीलाई कारबाई गर्न कानून ल्याएसँगै महोत्तरीमा मिटरब्याजीविरुद्ध धमाधम उजूरी पर्न थालेको छ ।

जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेका अनुसार महोत्तरीमा हालसम्म मिटरब्याजीविरुद्ध १,७३४ उजूरी दर्ता भएका छन्। सरकारले अध्यादेश ल्याउँदै अनुचित लेनदेन (मिटरब्याज) गरेका व्यक्तिलाई कारबाई गर्ने भन्दै पीडितलाई जिल्ला प्रशासन कार्यालयमा उजूरी दर्ता गराउन समय दिएपछि अहिले महोत्तरीमा मिटरब्याजीविरुद्ध उजूरी दर्ता गराउनेको सङ्ख्या बढ्दै गएको हो ।

गत वैशाख १८ गतेदेखि पीडितले जिल्ला प्रशासन कार्यालयमा उजूरी दर्ता गर्न थालेका हुन्। यो क्रम जारी रहेको छ।

जिल्ला प्रशासन कार्यालयले मिटरब्याजीविरुद्ध उजूरी दर्ता गराउन आउने पीडितका लागि सूचना सङ्कलन गर्ने, परामर्श दिने र उजूरी दर्ता गर्ने काम गरिरहेको छ ।

यस अघि जिल्ला प्रशासनले मिटरब्याजीविरुद्ध सरकारको उजूरी दर्ता गराउने अवधि किटान हुनु अगाडि पनि जिल्ला प्रशासन कार्यालयले मिटरब्याजीविरुद्ध ३२१ ठाडो निवेदन दर्ता गरेर आवश्यक कारबाई प्रक्रिया अगाडि बढाएको थियो । ३२१ निवेदनमध्ये २१ वटामा मिलापत्र, ३८ वटामाथि छानबिन गरिसकेको र केही मुद्दा जिल्ला अदालतमा कारबाई प्रक्रियामा रहेको सहायक प्रजिअ

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

# यस गाउँमा कसैले जुत्ता लगाउँदैन

भारतमा एउटा गाउँ छ, जहाँका बासिन्दा कहिल्यै जुत्ता लगाउँदैनन् । उनीहरू बाहिर जानुपरे पनि नाङ्गै खुट्टा जान्छन् । यतिमात्र होइन, यस गाउँमा कोही बिमारी भयो भने अस्पताल पनि जाँदैनन् । त्यस्तै, गाउँलेहरू बाहिर गएपछि बाहिरको खाना पनि खाँदैनन्।




भारत, आन्ध्र प्रदेशको तिरुपतिभन्दा ५० किलोमिटर दूरीमा पर्ने गाउँ हो– वेमना इन्डलू । गाउँलेहरू यसलाई आफ्नो पुरानो परम्परा बताउँछन् । गाउँलेहरूको भनाइ छ, जिल्ला अधिकारीलाई यदि गाउँमा आउनु छ भने गाउँबाहिर जुत्ता खोल्नुपर्छ। गाउँका मुखिया एरब्बा भन्छन्– हाम्रो जनजाति यस गाउँमा बसेदेखि यो प्रथा चलिआएको छ । उनले बिबिसी तेलुगूलाई भने– जब हामी बाहिर जान्छौं, नुहाएपछि मात्रै घरमा पस्छौं र खाना खान्छौं । म कैयौंपटक गाउँभन्दा बाहिर गएँ, एकपटक मलाई अदालतको कामले पाँच दिन बाहिर बस्नुपऱ्यो । म जहाँ बसेको थिएँ, त्यहाँको भोजन हात पनि लगाइनँ। एरब्बा भन्छन्– म ४७ वर्षदेखि अदालतको कामले बाहिर जाने गरेको छु । तर मैले कहिल्यै बाहिरको पानी खाइनँ । म घरबाटै पानी लिएर जान्छु र त्यही पिउँछु । बाहिरको पानी पिउने प्रश्न नै उठ्दैन, हामी बाहिरको खाना पनि खाँदैनौं ।

वेमना इन्डलू गाउँ, आन्ध्र प्रदेशको तिरुपति जिल्लाको पाकला मण्डलको एउटा गाउँ हो। यहाँ ८० जनाको आबादी भएको २५ वटा घर छन्, यस गाउँमा कुल मतदाता ५२ जना छन् । यसमध्ये केहीले मात्र स्नातकको अध्ययन पूरा गरेका छन्। यहाँका बासिन्दा धेरै पढेलेखेका छैनन् र कृषिमाथि निर्भर छन्। यस गाउँमा आउने पाहुनाहरूले पनि त्यो नियम पालना गर्नुपर्छ। गाउँ आएका नातेदार महेशले भने– मैले आफ्नो बहिनीको विवाह यस गाउँमा गरेको थिएँ। हामी यहाँ आएपछि उनीहरूको रीतिरिवाज पालना गर्नुपर्छ। उनी भन्छन्– जब हामी गाउँ बाहिर जुत्ता खोलेर आउँछौं, त्यसपछि नुहाउनुपर्छ। मासिक धर्मको दौरान वा हालै परिवारमा कसैको मृत्यु भएको छ भने यस गाउँमा प्रवेश गर्न सकिंदैन ।

यस गाउँका बासिन्दा आफूलाई पलवेकरी जातिसँग सम्बन्धित मान्छन् । उनीहरूलाई सरकारले पिछडावर्गमा वर्गीकृत गरेको छ। यस गाउँका सबै व्यक्ति एकै वंशका हुन् । उनीहरू आफ्नो सम्बन्ध पनि आफ्नो जातिभित्रै बनाउने गर्छन्। गाउँलेहरू प्राचीन मन्दिरमा पूजा, प्रार्थना र अनुष्ठान गर्छन्। नरसिम्हा स्वामी र गङ्गामाको उनीहरूले पूजाआजा गर्छन्। ग्रामीणवासी बिरामी भएपछि अस्पताल जाँदैनन्, सबै कुरा भगवान्‌माथि छाड्छन् । गाउँका प्रधान एरब्बा भन्छन्– यदि हामीलाई सर्पले टोकेको छ भने भगवान्‌ले ठीक गर्नुहुन्छ, हामी अस्पताल जाँदैनौं, स्नेक हिल (सर्पको पहाड), नीमको रूख परिक्रमा गर्छौं। हाम्रो हेरचाह भगवान्‌ले गर्छन्, जब हामी रोगी हुन्छौं, मन्दिरको परिक्रमा गर्छौं र दुई दिनपछि स्वस्थ हुन्छौं, यही हाम्रो परम्परा हो ।

गाउँका बालबालिका विद्यालय जान्छन् तर जुत्ता लगाउँदैनन्, विद्यालयमा दिवाखाजा दिए पनि खाँदैनन् । यदि उनीहरूले कुनै बाहिरी मानिसलाई छुन्छन् भने नुहाएर मात्र घरमा पस्छन् । गाउँकी महिला भाविता भन्छिन्– गर्भवती महिलालाई अस्पताल पनि लैजान दिंदैनन् । सबै महिलाको घरमैं प्रसूति हुन्छन् । विद्यालय पढ्ने बालबालिकाहरू विद्यालयमा दिइने दिवाखाजा खाँदैनन्, घरमैं आएर खान्छन् र पुनः विद्यालय जान्छन् ।

यस गाउँमा दलित समुदायलाई प्रवेश वर्जित छ । गाउँमा रासन डिपो सञ्चालक बाबू रेड्डी भन्छन्– गाउँमा कुनै अधिकारी आओस् वा विधायक उनीहरूले जुत्ता फुकाल्नुपर्छ । उनले मासिक धर्म हुने महिलाहरू महीनामा पाँच दिन बाहिर राखिने बताए । उनीहरूको लागि गाउँभन्दा बाहिर एउटा कोठा बनाइएको छ । तिरुपति जिल्ला अधिकारी वेंकटरामी रेड्डीले भने गाउँमा जागरूकता शिविर आयोजना गरी ग्रामीणवासीमा परिवर्तन ल्याउने बताएका छन् । – बिबिसी हिन्दीबाट अनुवाद

# ट्रकका केही टायर किन झुन्ड्याइन्छ ?

गह्रुँगो सामान बोक्ने ट्रकमा आठ वा १६ वटा पाङ्ग्रा हुन्छन्। यस्ता ट्रकमा अतिरिक्त पाङ्ग्रा राखिएका हुन्छन्, जसले सडकलाई छुँदैन । यी पाङ्ग्रालाई लिफ्ट एक्सल वा ड्रप एक्सल भनिन्छ । गाडीको दुवैतर्फ पाङ्ग्रा हुन्छ, जुन एउटा मोटो रडजस्तो वस्तुसँग जोडिएको हुन्छ। जब यो रड घुम्छ, जब पाङ्ग्रा घुम्छ, यसैलाई एक्सल भनिन्छ ।



हावामा झुन्डिएको टायरलाई ड्रप एक्सल भनिन्छ, जब ट्रक चालकलाई ती टायरको आवश्यकता पर्छ, तब उनीहरूले बटन थिचेर त्यसलाई तल खसाउँछन् र बाँकी टायरसँगै त्यो पनि गुड्न थाल्छ। ड्रप एक्सललाई जुनसुकै बेला पनि सडकमा गुडाइराखिंदैन ।

ट्रकमा जति बढी एक्सल हुन्छ, त्यति नै बढी त्यसले वजन उठाउन सक्छ तर बढी एक्सल भएको कारण ट्रक गुड्ने गति र सजिलै हलचल गर्ने क्षमता कम हुन्छ । बढी पाङ्ग्रा भएपछि त्यसको मरम्मत खर्च पनि बढी हुन्छ । यस्तोमा ट्रकमा जब बढी वजन लादिएको हुन्छ, त्यति बेला ड्रप एक्सललाई तल गरिन्छ भने वजन कम भएपछि त्यसलाई पुनः झुन्ड्याएर राखिन्छ। जसले गर्दा टायर घस्रिंदैन र लामो समयसम्म चल्छ । ट्रकको टायर निकै महँगो हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## बेलायतको वार्षिक मुद्रास्फीति आठ महीनायताकै न्यून

लन्डन, १० जेठ/एएफपी

बेलायतको वार्षिक मुद्रास्फीति दर अप्रिलमा आठ महीनाको सबैभन्दा कम ८.७ प्रतिशतमा झरेको छ र ऊर्जाको मूल्य एक वर्ष पहिलेको तुलनामा निकै कमजोर भएको सरकारी तथ्याङ्कले बुधवार सार्वजनिक गरेको छ।



तस्वीरः एजेन्सी

मूल्यवृद्धिको दर मार्चमा १०.१ प्रतिशतबाट घटेर गत वर्षको अगस्तपछि पहिलोपटक मुद्रास्फीति १० प्रतिशतभन्दा तल झरेको राष्ट्रिय तथ्याङ्क कार्यालय (ओएनएस)ले जनाएको छ।

ओएनएसका प्रमुख अर्थशास्त्री ग्रान्ट फिट्जनरले भने, "यद्यपि, सामान्यतया मूल्यगत वर्षको तुलनामा धेरै उच्च रहेको छ भने वार्षिक खाद्य मूल्य मुद्रास्फीति ऐतिहासिक उच्च नजीक पुगेको छ।"

तीव्र गिरावटका बावजूद अप्रिलको दर बैंक अफ इङ्ग्ल्यान्ड (बिओई)को गत महीनाको मुद्रास्फीतिको पूर्वानुमान ८.४ प्रतिशतभन्दा माथि रहेको छ।

अप्रिलमा बेलायतको वार्षिक मुद्रास्फीति दर क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र संयुक्त राज्य अमेरिकासहित जी–सेभेन समूहका सम्पन्न अर्थव्यवस्था भएका देशहरूमध्ये सबैभन्दा बढी पुगेको थियो।

बिओईको २.० प्रतिशतको लक्ष्य दर धेरै टाढा रहेको छ। तर बेलायत सरकारले यो वर्षको अन्त्यसम्ममा मुद्रास्फीति लगभग ५.० प्रतिशतमा झर्ने दाबी गरेको छ।

फिट्जनरले थपे, "गत महीना मुद्रास्फीतिको दर उल्लेखनीयरूपमा घटेको छ, किनकि गत वर्ष देखिएको ठूलो ऊर्जा मूल्यवृद्धि दोहोरिएको थिएन। तर सेकेन्ड ह्यान्ड कार र चुरोटको लागतमा भएको वृद्धिले लक्ष्यलाई आंशिकरूपमा प्रभावित गरेको थियो।"

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले बेलायती अर्थतन्त्रका लागि आफ्नो पूर्वानुमानमा ठूलो यूटर्न दिएको एक दिनपछि यो आँकडा सार्वजनिक भएको हो।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले सन् २०२३ मा बेलायतको अर्थतन्त्र ०.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ।

आइएमएफले गत अप्रिलमा ०.३ प्रतिशतले सङ्कुचन हुने प्रक्षेपण गरेको थियो। अर्थमन्त्री जेरेमी हन्टले बुधवारको तथ्याङ्कपछि भने, "आइएमएफले मङ्गलवार मुद्रास्फीतिलाई नियन्त्रण गर्न निर्णायक कदम चालेको बताएको छ। यो अहिले एकल अङ्कमा छ, तर खाद्य पदार्थको मूल्य अझै पनि तीव्र गतिमा बढिरहेको छ।" रासस

## मेक्सिकोमा पत्रकारलाई गोली हानी हत्या

पुएब्ला, मेक्सिको, १० जेठ/एएफपी

मेक्सिकोको मध्य पुएब्ला क्षेत्रमा मङ्गलवार एकजना पत्रकारलाई गोली हानी हत्या गरिएको छ।

मेक्सिकोको तेहुआकान शहरमा ६९ वर्षीय मार्को ओरेलियो रामिरेजलाई आफ्नो घरबाट निस्कँदै गर्दा हत्या भएको थियो। उनले दशकौंसम्म विभिन्न सञ्चारमाध्यममा काम गरेका थिए।

अभियोजकको कार्यालयले घटनाको अनुसन्धान शुरू गरिएको जनाएको छ।

रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)को मेक्सिकाली शाखाले सरकारी कर्मचारीको रूपमा काम गर्ने रामिरेजले संदिग्ध अपराधीहरूलाई पक्राउ गर्न योगदान पुर्‍याएको बताएको छ। आरएसएफले छिटो र पारदर्शी अनुसन्धानको माग गर्दछ, भनिएको छ।

गैरसरकारी सञ्चार अधिकार समूहले "हत्या नगरपालिका अधिकारीको रूपमा उहाँको कामसँग सम्बन्धित थियो वा उहाँको पत्रकारिताको अभ्याससँग सम्बन्धित थियो छानबीन गर्न" अभियुक्तलाई कानूनी कारबाईको दायरामा तत्काल ल्याउन आग्रह गरेको छ।

सन् २००० यता मेक्सिकोमा १५० भन्दा बढी पत्रकारको हत्या भइसकेको छ। अधिकांश हत्याका घटनामा सजाय दिइएको छैन। रासस

## द्वन्द्वमा फसेका नागरिकको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न आग्रह

संयुक्त राष्ट्रसङ्घ, १० जेठ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले द्वन्द्वमा फसेका नागरिकको सुरक्षा गर्ने प्रतिबद्धता पूरा गर्न आग्रह गरेका छन्।

महासचिव गुटेर्रेसले संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्मा सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षासम्बन्धी बहसमा भने, "लामो समयदेखि सशस्त्र द्वन्द्वको घातक असर आम नागरिकले भोग्दै आएका छन्। अब हामीले उनीहरूको रक्षा गर्ने आफ्नो वाचा पूरा गर्ने समय आएको छ।"

उनले युद्धकालमा नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न विश्व असफल भएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय मानवीय कानूनप्रति अझ बढी सम्मान गर्न आग्रह गरेका थिए।

गत वर्ष जनघनत्व भएका क्षेत्रमा तैनाथ विष्फोटक हतियारका कारण ज्यान गुमाउनेमा ९४ प्रतिशत सर्वसाधारण रहेको राष्ट्रसङ्घको तथ्याङ्क छ।

सन् २०२२ मा विश्वका ११ करोड ७० लाखभन्दा बढी मानिसले तीव्र भोकमरीको सामना गर्नुपरेको थियो, जसको मुख्य कारण युद्ध र असुरक्षा थियो।

गुटेर्रेसले द्वन्द्वले आम नागरिकमा पारेको प्रभावलाई कम गर्नुपर्नेमा जोड दिए। उनले भने, "केही युद्धरत पक्षहरूले बालबालिकाको सुरक्षा गर्न र मानवतावादीहरूलाई खाँचोमा परेका मानिसहरूसम्म पुग्न दिन कदम चालेका छन्। यो सकारात्मक कदम हो। तर अझै यो अपर्याप्त छ।"

खाद्य सुरक्षालाई सम्बोधन गर्दै जारी युद्धका बीच युक्रेनबाट खाद्यान्न निर्यात गर्न 'ब्ल्याक सी इनिसिएटिभ' जस्ता उपायहरूका साथै रूसी खाद्य र मललाई विश्व बजारमा ल्याउनेसम्बन्धी समझदारीपत्रबारे पनि उनले उल्लेख गरे।

गत नोभेम्बरमा उनको पहलमा राज्यहरूले जनघनत्व भएका क्षेत्रहरूमा विस्फोटक हतियारको प्रयोगमा प्रतिबन्ध लगाउने वा निषेध गर्ने राजनीतिक घोषणापत्र पारित गरेका थिए।



"अझै पनि डरलाग्दो सत्य के छ भने अन्तर्राष्ट्रिय मानवीय कानूनमा निहित प्रतिबद्धताहरू अनुसार विश्वले नागरिकको सुरक्षा गर्ने आफ्नो प्रतिबद्धता पूरा गर्न असफल भइरहेको छ," गुटेर्रेसले जेनेभा कन्भेन्सनलाई सङ्केत गर्दै भने। "यसको सम्मान सुनिश्चित गर्न हामीलाई कार्य र जवाफदेहिताको

(बाँकी अन्तिम पातामा)


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## ठोरीका विद्यार्थीहरूलाई छात्रावास व्यवस्था

प्रस, सेढवा, १० जेठ/

ठोरी गाउँपालिका वडा नं ३ शिकारीबासका विद्यार्थीहरूका लागि छात्रावासको व्यवस्था मिलाइएको छ।


तस्वीरः प्रतीक

हुलाकी सडकदेखि करीब छ किलोमिटर जङ्गलभित्र रहेको यस बस्तीका कक्षा ६ देखि ८ सम्मका २२ जना छात्रछात्राका लागि छात्रावासको व्यवस्था मिलाइएको वडा नं ३ का अध्यक्ष शम्भु खड्काले बताए।

छात्रावासको व्यवस्था सोही वडास्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, ओडारमा मिलाइएको वडाध्यक्ष खड्काले बताए। छात्रावासमा खानाका खाद्यान्न सामग्री, खाना पकाउने ग्याँस, भाँडाबर्तन, तेल, साबुनको खर्च वडा कार्यालयले बेहोर्ने वडाध्यक्ष खड्काले बताए।

शिकारीबासबाट विद्यालय टाढा रहेकोले आवागमनमा जङ्गली जनावरहरूको जोखिम रहेकोले छात्रावासका साथै निश्शुल्क ट्युशनको व्यवस्था गरिएको वडाध्यक्ष खड्काले बताए।

ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले गुणस्तरीय शिक्षाका लागि पालिका लागिपरेको बताए।

शिक्षार्जनबाट एकजना बालबालिका पनि वञ्चित नहुने तथा विद्यालय उमेरका बालबालिकाले विद्यालय नछोड्ने योजना कार्यान्वयन गर्ने अध्यक्ष श्रेष्ठले बताए।

विद्यालयका शैक्षिक स्तर बढाउन प्रभावकारी नीति ल्याइने र विद्यालयका वातावरण पूर्णरूपमा व्यवस्थापन गर्ने अध्यक्ष श्रेष्ठले बताए।

## भुटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै संलग्नता छैन –नेपाल प्रहरी

काठमाडौं, १० जेठ/रासस

नेपाल प्रहरीले भुटानी शरणार्थी प्रकरणमा प्रहरी महानिरीक्षकको कुनै संलग्नता नरहेको बताएको छ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुवेर कडायतले बुधवार एक विज्ञप्ति जारी गरी नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीका महानिरीक्षक वसन्त कुँवरको कुनै संलग्नता नरहेको बताएका हुन्।

"कुनै आधार, तथ्य र प्रमाणविना अपराध अनुसन्धान जस्तो संवेदनशील विषयमा सम्प्रेषण गरिएको समाचारले जनमानसमा भ्रम सिर्जना हुन जाने र नेपाल प्रहरी सङ्गठनकै विश्वसनीयता, छवि तथा चेन अफ कमान्डमा समेत आँच आउने हुँदा उक्त समाचारप्रति नेपाल प्रहरी प्रधान कार्यालयको पूर्ण असहमति रहेको छ," प्रवक्ता कडायतद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

प्रहरीले कुनै दुई व्यक्तिले गरेको संवादकै आधारमा शरणार्थी प्रकरणका आरोपितबाट प्रहरी प्रमुख स्वयंले नै आर्थिक फाइदा लिएको भन्ने अतिशयोक्ति तथ्य स्थापित गर्न खोजी प्रहरी महानिरीक्षकलाई विवादमा तानिनु अत्यन्त निन्दनीय भएको बताएको छ।

प्रवक्ता कडायतले नक्कली भुटानी शरणार्थी प्रकरणमा नेपाल प्रहरीले नै सफल अनुसन्धान गरी मुद्दा पेश गरिसकेको अवस्थामा कल्पितरूपमा समाचार बनाइ आरोपित भगाउन प्रहरी महानिरीक्षक नै संलग्न भएको प्रचारबाजी गरिनु सङ्गठनकै लागि अत्यन्त दुःखद रहेको बताए।

"नेपाल प्रहरी सदैव संविधान, कानून र सङ्गठनको आफ्नै मूल्य–मान्यतामा अडिग रही दोषी नछुटून्, निर्दोष नफसून् भन्नेमा सचेत र प्रतिबद्ध छ," विज्ञप्तिमा भनिएको छ। प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले प्रहरी महानिरीक्षकले नक्कली भुटानी शरणार्थी प्रकरणमा आरोपीलाई जोगाउन भूमिका खेलेको भन्दै उनलाई निलम्बन गरी सत्यतथ्य छानबीन गर्नुपर्छ भनी गृहमन्त्रीको ध्यानाकर्षण गराएका थिए।

**नक्कली भुटानी शरणार्थी प्रकरणमा ३० जनाविरुद्ध मुद्दा दर्ता**

सरकारी वकीलको कार्यालयले नक्कली भुटानी शरणार्थी प्रकरणमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको छ।

उक्त प्रकरणमा सरकारी वकीलको कार्यालयले ३० जनाविरुद्ध मुद्दा दायर गरेको छ। तीमध्ये १६ जना पक्राउ परेका छन् भने १४ जना फरार छन्। मुद्दा दर्ता गरेपछि जिल्ला न्यायाधिवक्ता महेशप्रसाद खत्रीले भने, "३० जनाविरुद्ध मुद्दा दर्ता भएको र १६ जना पक्राउ परिसकेका छन्, फरार १४ जनाको हकमा अदालतबाट म्यादपुर्जी जारी गरेर खोजिन्छ र उनीहरूको सम्पत्ति रोक्का हुन्छ।" अदालतमा अब प्रारम्भिक चरणमा बयान हुन्छ। त्यसपछि थुनछेक बहस हुन्छ।

दर्ता गरिएको मुद्दामा निजहरूविरुद्ध राज्यविरुद्धको कसूर, सङ्गठित अपराध र एकीकृत कसूरसमेत मागदाबी गरिएको छ। सार्वजनिक पदधारण गरिएको व्यक्तिको हकमा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसमेत गरिनेछ।

जिल्ला न्यायाधिवक्ता खत्रीका अनुसार निजहरूविरुद्ध रु २७ करोडभन्दा बढीको बिगो रहेको छ भने कैद सजाय ठगी र किर्तेमा सात वर्ष कैद, राज्यविरुद्धको कसूरमा पाँच वर्ष कैद र जरिवाना पनि छ। सङ्गठित र एकीकृत कसूरमा कानून अनुसार गरिनेछ।

## नयाँ मेशिनसहित चिनीमिल सञ्चालन गर्न सुझाव

प्रस, वीरगंज, १० जेठ/

एमालेबाट पर्साका समानुपातिक सांसद प्रभु हजराले वीरगंज चिनी कारखाना नयाँ मेशिन जडान गरी सञ्चालनमा ल्याउनुपर्ने बताएका छन्।

सरकारले ल्याएको नीति तथा कार्यक्रमबारे बुधवार संसद्मा बोल्दै उनले हालसम्म बन्द अवस्थामा रहेको वीचिकालि सञ्चालनका लागि नयाँ मेशिन जडान गर्नुपर्ने बताए। उनले सो कारखानाका १९४ जना कर्मचारीको हरहिसाब फछ्र्योट हुन नसकेको भन्दै फछ्र्योट गर्न सरकारसँग माग गरे। उनले वीरगंजस्थित नारायणी रङ्गशाला आधुनिकीकरणको लागि डिपिआरसहित १० करोड यसअघि तत्कालीन केपीशर्मा ओली नेतृत्वको सरकारले निकासा गरेको तर अहिलेको नीति तथा कार्यक्रममा सोबारे चर्चा नगरिएकोमा आपत्ति व्यक्त गरे। सांसद हजराले राष्ट्रपति चुरे


सांसद प्रभु हजरा

कार्यक्रम चार वर्षअघि बालुवा, गिट्टी उत्खननको विषय उठ्दा विवाद खडा गरिएको तर अहिले छ वर्षपछि पुनः सोही कार्यक्रम लागू गर्न सरकारले नीति तथा कार्यक्रममा समावेश गरेकोमा

(बाँकी अन्तिम पातामा)

**महोत्तरीमा ...**

न्यौपानेले बताए। जिल्ला प्रशासन कार्यालयमा आउने मिटरब्याजीपीडित बढीजसो जिल्लाको उत्तरवर्ती क्षेत्रका छन्। बढी ऋण दिने अनिरुद्ध साह, श्याम परदेशी र सञ्जय रौनियारविरुद्ध सबैभन्दा बढी उजूरी परेको बताइएको छ।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – उदरपीडा | वृष – विजय |
| मिथुन – धनलाभ | कर्कट – भाग्योदय |
| सिंह – बेचैनी | कन्या – मनोरञ्जन |
| तुला – कर्मप्राप्ति | वृश्चिक – प्रगति |
| धनु – वादविवाद | मकर – व्यापारवृद्धि |
| कुम्भ – कडापरिश्रम | मीन – ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**वातावरणीय...**

प्रालि, पशुपति आइरन एन्ड स्टिल प्रालि, दोर्दीखोला जलविद्युत् आयोजना (२७ मे.वा.), हिमगिरि हाइजिन प्रालि, न्यू होप एग्रो बिजिनेस नेपाल प्रालि, ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल, माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना, टाइगर वान प्रालि, माई जलविद्युत् आयोजना १३२ केभि प्रसारण लाइन, माई जलविद्युत् आयोजनाले वातावरणीय स्वःअनुगमनसम्बन्धी प्रतिवेदन बुझाएका छन्।

कतिपय उद्योग, प्रतिष्ठान एवं आयोजनाबाट अझैसम्म पनि स्वःअनुगमन प्रतिवेदन प्राप्त हुन नसकेको भन्दै विभागले यही जेठ २ गते पुनः सोही सूचना जारी गरी स्वःअनुगमन गरेर प्रतिवेदन बुझाउन निर्देशन गरेको थियो। स्वःअनुगमन प्रतिवेदन नबुझाउने उद्योग प्रतिष्ठान र आयोजनालाई प्रचलित कानूनबमोजिम कारबाई हुने र उद्योग/प्रतिष्ठान/आयोजनाको नाम सार्वजनिक रूपमा प्रकाशित गरिने विभागले जनाएको छ।

# शिक्षक महासङ्घद्वारा थप आन्दोलनका कार्यक्रम घोषणा

प्रस, वीरगंज, १० जेठ/

नेपाल शिक्षक महासङ्घ, पर्साले बुधवार सामुदायिक विद्यालयमा छैटौं र सातौं घण्टी बहिष्कार गरेको छ। स्थानीय तहले नियमविपरीत शिक्षकहरूको सरुवा, घटुवा गरेको विरोधमा चरणबद्ध आन्दोलन गर्दै आएको महासङ्घले बुधवारदेखि थप सङ्घर्षका कार्यक्रम घोषणा गरेको छ।

महासङ्घका अध्यक्ष तीर्थराज यादव र सचिव विनोद गिरीले विज्ञप्ति जारी गरी जेठ ११ गते टिफिनपछि सबै घण्टी बहिष्कार गर्ने, १२ गते हाजिरी गरेर सबै घण्टी बहिष्कार गर्ने र १३ गते थप सङ्घर्षका कार्यक्रम सार्वजनिक गर्ने जनाएको छ।

सङ्घीय शिक्षा ऐन जारी नभएको अवस्थामा शिक्षा ऐन, २०२८ र नियमावली २०५९ को व्यवस्था अनुसार नियुक्त भएका शिक्षकहरूलाई स्थानीय तहले अधिकार क्षेत्रभन्दा बाहिर गई नियमविपरीत राजनीतिक आग्रह, पूर्वाग्रह राखेर सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरूलाई जथाभावी सरुवा गर्ने, घटुवा गर्ने र मानसिक यातना दिएको विरोधमा महासङ्घले जेठ ७ गतेदेखि चरणबद्ध आन्दोलन शुरू गरेको थियो।

आफूहरूको मागप्रति स्थानीय सरकारले सुनुवाइ नगरेपछि थप सङ्घर्षका कार्यक्रम गर्नुपरेको अध्यक्ष यादवले बताए।

## गाँजासहित १ जना पक्राउ

प्रस, बारा, १० जेठ/

बारा निजगढ नगरपालिका– ८ पुर्व पश्चिम लोकमार्ग सडक खण्डको तामागेट स्थित इलाका प्रहरी कार्यालय निजगढ बाराबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्दा गाँजासहित एकजना पक्राउ परेको छ।

बुधवार दिउँसो १ बजे हेटौंडाबाट महोत्तरीको लागि आएको ना ७ ख ६४६० नं. को यात्रु बाहक बसबाट निजगढ नपा–३ सिंगौल टोल निवासी ४५ वर्षीय अर्जुन कुमार तामाङ्ले झोला भित्र लुकाई छिपाई राखेको अवस्थामा १२ के.जी. गाँजा फेला परेको हुँदा उक्त लागू औषध गाँजा बरामद गरी उक्त वारदातमा संलग्न निज अर्जुन कुमार तामाङलाई कानूनबमोजिम पक्राउ गरी लागू औषध मुद्दामा म्याद थप गर्ने लगायतको थप अनुसन्धान कार्य भइरहेको छ।

## छात्राहरूलाई आत्मरक्षा तालीम

प्रस, वीरगंज, १० जेठ/



तस्वीरः प्रतीक

लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटी र लायन्स क्लब अफ वीरगंजको संयुक्त आयोजनामा महिला तथा किशोरीहरूका लागि १५ दिने आत्मरक्षा तालीम पोखरियामा बुधवारदेखि शुरू भएको छ।

पोखरिया नगरपालिकाको रानीगंज श्रीसियास्थित महोवनी पद्म माध्यमिक विद्यालयमा अध्ययनरत दुई सय बालिकालाई तालीम दिन शुरू गरिएको हो।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहानले बालिकाहरूलाई आत्मरक्षा तालीमले आफ्नो सुरक्षाका लागि प्रतिरक्षा गर्न सिकाउन सहयोग पुग्ने बताए। उनले पुरुषभन्दा आफूलाई कहिल्यै कमजोर नठान्न किशोरीहरूलाई आग्रह गरे।

कार्यक्रममा पोखरियाका पूर्वउपप्रमुख एवं लायन्स क्लब अफ वीरगंज सेन्ट्रल सिटीकी अध्यक्ष सलमा खातुनले महिलालाई कसैले पनि कमजोर नठान्न आग्रह गरिन्। उनले महिला कमजोर भएमा हिंसा, हत्या, बलात्कार जस्ता अपराध बढ्ने गरेको बताइन्। महिलाको आत्मबल बढाउन आत्मरक्षा तालीमको आयोजना गरिएको उनले बताइन्।

कार्यक्रममा नेकपा एमाले पोखरिया नगर कमिटी अध्यक्ष विन्ध्याचल ठाकुर, प्रधानाध्यापक शङ्करप्रसाद रौनियार, लायन्स क्लबकी आश्मा सिंह यादव, डिस्ट्रिक्ट चेयरपर्सन विजय कुशवाहा, सेल्फ डिफेन्स प्रशिक्षक शोएब अख्तरलगायतको सहभागिता थियो।

## सालको गोलियासहित एकजना पक्राउ

प्रमोद यादव, रङ्गपुर, १० जेठ/

सखुवाप्रसौनी गाउँपालिका–४ कल्याणपुरबाट तीन थान सालको गोलियासहित एकजना पक्राउ परेका छन्।

तीन थान सालको गोलिया तीनवटा साइकलमा लोड गरेर सखुवाप्रसौनी गापा–३ कौवावनको चिरान मिलमा ल्याइरहेको अवस्थामा डिभिजन वन कार्यालय, रङ्गपुरटाँडीका जमदार अर्जुन चौधरी नेतृत्वको टोलीले मङ्गलवार बिहान सखुवाप्रसौनी गापा–४ देउरवाना निवासी रुस्तम अली अन्सारीलाई पक्राउ गरेको छ भने दुईजना फरार भएका छन्।

बरामद गोलिया, साइकल र पक्राउ परेका अन्सारीलाई कारबाईको लागि डिभिजन वन कार्यालय, पर्सामा बुझाएको वन अधिकृत सुभाषचन्द्र दासले बताए। फरार दुईजना तस्करको खोजी भइरहेको उनले बताए।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# खेलकूदको संसार

## महिला भलिबल : काजकिस्तानले उज्वेकिस्तानलाई र कीर्गिस्तानले बङ्गलादेशलाई हरायो

काठमाडौं, १० जेठ/रासस

काजकिस्तानले उज्वेकिस्तानलाई पराजित गर्दै एनएससी काभा (सेन्ट्रल एशियन भलिबल एशोसिएशन) महिला भलिबल च्यालेन्ज कप अन्तर्गत समूह 'बी'को समूह विजेता बन्दै सेमिफाइनलमा पुगेको छ।

राष्ट्रिय खेलकूद परिषद् (राखेप)को कभर्डहलमा बुधवार भएको खेलमा काजकिस्तानले उज्वेकिस्तानलाई ३–१ को सेटमा पराजित गर्दै समूह 'बी'को विजेता बनेको हो।

यस्तै, पराजित उज्वेकिस्तान पनि प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। उज्वेकिस्तान समूह 'बी'को उपविजेता बन्दै सेमिफाइनलमा पुगेको हो। पहिलो सेट २४–२६ ले गुमाएको काजकिस्तानले त्यसपछिको लगातार तीन सेट आफ्नो पक्षमा पाऱ्यो। काजकिस्तानले पछिल्लो तीन सेट २५–१६, २५–११ र २५–१८ ले जित्यो। यस जीतसँगै काजकिस्तान तीन खेलमा नौ अङ्क जोड्दै समूह 'बी'को विजेता बनेको हो। पराजित उज्वेकिस्तान समान तीन खेलमा दुई खेलमा जीत हासिल गर्दै छ अङ्कका साथ उपविजेता बन्यो। यस समूहबाट श्रीलङ्का र माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएका छन्।

त्यसैगरी, आज भएको अर्को खेलमा कीर्गिस्तानले बङ्गलादेशलाई पराजित गर्दै विजयी भएको छ।

राखेपको कभर्डहलमा भएको पहिलो खेलमा कीर्गिस्तानले बङ्गलादेशलाई ३–० को सोझो सेटमा पराजित गर्दै विजयी भएको हो। समूह 'ए'मा रहेका यी दुवै टोली प्रतियोगिताबाट भने बाहिरिसकेका छन्। यस समूहबाट नेपाल र भारत एक खेलअगावै सेमिफाइनलमा पुगिसकेका छन्।

आजको खेलमा कीर्गिस्तानले बङ्गलादेशलाई पहिलो सेट २५–१६, दोस्रो सेट २५–११ र तेस्रो तथा अन्तिम सेट २५–२० ले हरायो। राखेपको सहयोग र नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगितामा विभिन्न आठ टोली सहभागी छन्। समूह 'ए'मा नेपाल, भारत, बङ्गलादेश र कीर्गिस्तान छन् भने समूह 'बी'मा श्रीलङ्का, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान छन्।

### नेपाल भारतसँग पराजित

एनएससी–काभा महिला भलिबल च्यालेन्ज कपमा नेपाल भारतसँग पराजित भएको छ। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकूद परिषद्को कभर्डहलमा बुधवार भएको समूह चरणको अन्तिम खेलमा नेपाल भारतसँग १–३ को सेटमा पराजित भएको हो। यससँगै भारत समूह 'ए'को विजेता बन्दै सेमिफाइनलमा पुग्यो भने नेपाल समूहको उपविजेता बन्दै सेमिफाइनलमा पुग्यो।

अब सेमिफाइनल खेलमा नेपालले समूह 'बी'को विजेता काजकिस्तानसँग शुक्रवार प्रतिस्पर्धा गर्नेछ। भारतले सेमिफाइनलमा समूह 'बी'को उपविजेता उक्वेकिस्तानसँग खेल्नेछ। आजको खेलमा नेपालले पहिलो सेट १२–२५ ले गुमाएको थियो। त्यसपछि नेपालले दोस्रो सेट २४–२६ ले गुमाउन पुग्यो। नेपालले तेस्रो सेट २५–२० ले आफ्नो पक्षमा पारेको थियो। चौथो तथा अन्तिम सेटमा नेपालले २५–२१ ले गुमाउँदै समूह उपविजेता बनेको हो।

### द्वन्द्वमा फसेका ...

आवश्यकता छ। त्यो राजनीतिक इच्छाशक्तिमा भर पर्छ।"

महासचिवले अन्तर्राष्ट्रिय समुदायलाई द्वन्द्व रोक्न, नागरिकको सुरक्षा गर्न, शान्ति कायम गर्न र युद्धको राजनीतिक समाधान खोज्न जारी प्रयासलाई थप तीव्रता दिन आग्रह गरे। उनले भने, "जहाँ युद्ध जारी छ, त्यहाँ सबै देशले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्नुपर्छ र यस परिषद्का सदस्यहरूको विशेष जिम्मेवारी छ।

"यसबाहेक हतियार निर्यात गर्ने देशहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना नगर्ने कुनै पनि पक्षसँग व्यापार गर्न अस्वीकार गर्नुपर्छ," उनले भने। रासस

### नयाँ मेशिनसहित ...

आपत्ति जनाए।

उनले सरकारले ल्याएको नीति तथा कार्यक्रममा देश आर्थिक मन्दीले उद्योगहरू धराशयी भइरहेकामा कुनै कुरा उल्लेख नभएको बताए। सांसद हजराले निजगढ विमानस्थलको कार्य यसै वर्षदेखि अगाडि बढाउनुपर्ने र विद्युतीय रेलको डिपिआर तयार गर्नुपर्ने बताए। उनले सरकारले तयार गरिरहेको डिजेल रेल परिवर्तन गरेर डिपिआर विद्युतीय रेलको बनाउनुपर्ने सुझाव दिए। यसबाट डिजेलको आयात घट्ने र देशमा उत्पादित विद्युत्को सदुपयोग हुने बताए।

### नगरपालिकाको भवन ...

आगामी वर्षको बजेटमा नपा भवनको लागि रकम विनियोजन गर्ने र चाँडोभन्दा चाँडो भवन निर्माण गर्ने बताए। आज नगरप्रमुख यादवले आफ्नो नामको सो जग्गाको कागजात मालपोत कार्यालय, गौरबाट नगरपालिकाको नाममा नामसारी गराएका हुन्।

## सामान बोकेको पिकअप नियन्त्रण

प्रस, वीरगंज, १० जेठ/


तस्वीरः सौजन्य

जिल्ला प्रहरी कार्यालय, पर्साले बिलबीजकभन्दा बढी खुद्रा तथा लत्ताकपडा बोकेको एउटा पिकअपलाई नियन्त्रणमा लिएको छ।

ड्राइपोर्टबाट वीरगंजतर्फ आउँदै गरेको भारतीय नम्बरको पिकअपलाई वीरगंज महानगरपालिका–२५ स्थित सडकखण्डमा चेकजाँच गर्ने क्रममा बिलबीजक शङ्कास्पद देखिएपछि नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय, पथलैया बुझाएको जिप्रका, पर्साले जनाएको छ।

## सशस्त्र प्रहरीलाई आध्यात्मिक पुस्तक वितरण



प्रस, वीरगंज, १० जेठ/

सतलोक आश्रम, धनुषाले बुधवार सशस्त्र प्रहरी बल वीरगंज गणमा आध्यात्मिक जनचेतना कार्यक्रम गरेको छ।

समाजमा विद्यमान दुर्व्यसन, छुवाछूत, आत्महत्याका कारण एवं निराकरण, दाइजोप्रथाको अन्त्य, घरेलु हिंसा, अन्धविश्वास, पाखण्डवाद, मानव अधिकारको पालना, आपसी भाइचाराबारे सशस्त्र प्रहरीलाई जानकारी गराइएको थियो। कार्यक्रममा नैतिक एवं आध्यात्मिक जनचेतना जगाउने पुस्तक वितरण गरिएको थियो।

### आकस्मिक स्वास्थ्य ...

सहजरूपमा सेवाग्राहीहरूलाई उपलब्ध गराइने बताए। ती सेवाबाट कोही नगरवासी वञ्चित हुन नसक्ने नगरप्रमुख चौधरीले बताए।

कार्यक्रममा उपप्रमुख लक्ष्मीकुमारी चौधरीले नगरको अति आवश्यक सेवामध्ये स्वास्थ्य सेवा भएकोले आकस्मिक स्वास्थ्य सेवाबाट कोही नगरवासी वञ्चित नहुनेमा आफू आशावादी रहेको बताइन्। विशेषगरी प्रसूतिसम्बन्धी स्वास्थ्य परीक्षण र प्रसूति सेवा उपलब्ध गराउन एम्बुलेन्स सेवा पनि उपलब्ध रहेको उनले बताइन्। नगरका महिलाहरूले प्रसूतिको प्रसव पीडाबाट अकालमा ज्यान गुमाउनु नपर्ने वातावरण नगरपालिकाले गरेकोसमेत उपप्रमुख चौधरीले बताइन्।

भौतिक संरचना निर्माण भएर पनि लामो समयदेखि आकस्मिक सेवा सुचारु हुन नसक्दा नगरवासीले भोग्नुपरेको पीडालाई मनन गर्दै नगरवासीले पाउनुपर्ने नैसर्गिक स्वास्थ्य उपचारमा निगरानी राख्नुपर्ने कार्यक्रमका वक्ताहरूले बताए।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारी, पूर्वनगरप्रमुख भरतबहादुर भण्डारी, पूर्वउपप्रमुख सुनैनादेवी थरुनी, तपेश्वर चौधरी, रवीन्द्र पनुहर, केवल चौधरी, सुकदेव साह, वडाअध्यक्ष, जनप्रतिनिधिलगायतले मन्तव्य राखेका थिए। वडाध्यक्ष राजहरण चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रामसेवक साहले गरेका थिए।

## सर्पदंश (सर्पको टोकाइ)बाट बच्न ...

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड